गोरखा भूकम्प पश्चात्

# काठमाडौं उपत्यकाको परिदृष्य

## Post- Gorkha Earthquake Scenario of Kathmandu Valley

साथमा

भाईचाको अनुभव



भूकम्प प्रविधि राष्ट्रिय समाज–नेपाल
National Society for Earthquake Technolgy-Nepal (NSET)

June 2018

यो पुस्तक "गोरखा भूकम्प पश्चात् काठमाडौं उपत्यकाको परिदृष्य" भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (NSET) द्वारा तयार पारी प्रकाशन गरिएको हो ।

# गोरखा भूकम्प पश्चात्

# काठमाडौं उपत्यकाको परिदृष्य

## Post - Gorkha Earthquake Scenario of Kathmandu Valley

साथमा

## भाईचाको अनुभव

NSET
Earthquake Safe Communities in Nepal
भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल
घर-६५, CR-१३, सैंबु आवास, भैंसेपाटी, ललितपुर महानगरपालिका-२५, नेपाल
पो.ब. नं. १३७७५, काठमाडौं, नेपाल
फोन नं.: (९७७-१) ५५९१०००, फ्याक्स नं.: (९७७-१) ५५९२६९२
इ-मेलः nset@nset.org.np, वेब साइटः www.nset.org.np

**परिदृश्यका लेखकहरु**
श्रीरामसिंह बस्नेत
डा. आमोद मणि दीक्षित

**पुनरावलोकनः**
सूर्य नारायण श्रेष्ठ
डा. रमेश गुरागाईं
सूर्यभक्त साँगाछे
विजयकृष्ण उपाध्याय
गणेश कुमार जिमी
खड्ग सेन ओली
हिमा श्रेष्ठ
सूर्य प्रसाद आचार्य

**सामग्री संकलन सहयोग**
महानन्द तिमल्सिना
रामकृष्ण शर्मा
अपराजिता गौतम

**प्रकाशक**
भूकम्प प्रविधि राष्ट्रिय
समाज-नेपाल (NSET)

**प्रथम संस्करण** (सन् २०१८)
३,००० प्रति

**प्रकाशन् श्रृंखला**
NSET-122-2018

**आवरण तस्वीर**
भूकम्प प्रविधि राष्ट्रिय
समाज-नेपाल (NSET)

**कला संयोजन**
चन्दन ध्वज राना मगर

## कृपया ध्यान दिनुहोस् !

**यस पुस्तकमा लेखिएका वृत्तान्त वि.सं. २०७२ मा नेपालमा गएको भूकम्पमा आधारित काठमाडौं उपत्यकाको मात्र परिदृश्य हो । यस परिदृश्यको मूल उद्देश्य भूकम्पीय जोखिमबारे चेतना अभिवृद्धि गर्नु तथा भूकम्पीय सुरक्षाका लागि पूर्वतयारीको आवश्यकता औंल्याउनु मात्र हो । यस बाहेक अन्य कुनै प्रयोजनमा यस भूकम्पीय परिदृश्यको उपयोग नगरियोस्- गरिएमा यसका लेखक र प्रकाशक जिम्मेवार हुने छैनन् ।**

**यस पुस्तकमा प्रयोग भएका तस्वीरहरु भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपालबाट संकलन गरिएका र केही तस्वीर गैर नाफामूलक प्रयोजनका लागि विभिन्न स्रोतबाट साभार गरिएका छन् । प्रकाशक संस्था ती स्रोत प्रति आभार प्रकट गर्दछ ।**

**भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल** (NSET)

© **सर्वाधिकारः भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपालमा सुरक्षित**

# किन लेखियो भूकम्पीय परिदृश्य

भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल (एनसेट) ले विसं २०५५ मा पहिलो पटक 'काठमाडौं उपत्यकाको भूकम्पीय परिदृश्य' तयार गरेको हो । काठमाडौं उपत्यका भूकम्पीय जोखिम व्यवस्थापन आयोजनाको एक अङ्गका रुपमा तयार पारिएको उक्त परिदृश्य सम्भावित प्राकृतिक विपद्माथि केन्द्रित रही लेखिएको दक्षिण एसियाकै पहिलो प्रयास थियो । उक्त परिदृश्य वि.सं. १९९० को जस्तो कम्पन फेरि दोहरिएमा काठमाडौं उपत्यकाभित्रका जनधन, भौतिक संरचना र सामाजिक जीवनमा कस्तो असर पर्नसक्ला भन्ने विषयमा केन्द्रित थियो ।

काठमाडौं भित्रका विभिन्न सेवाप्रदायक निकायहरुसँगको साक्षात्कारबाट प्राप्त जानकारी, एनसेट र जियोहाजाडर्स् इन्टरनेशनलले गरेका अनुसन्धान र लेखकीय परिकल्पनामा आधारित भई उक्त परिदृश्य लेखिएको थियो । महाभूकम्प गएको लगत्तै, एक घण्टापछि, भोलिपल्ट, एक हप्ता पछि, एक महिना पछि, छ महिना पछि र एक वर्ष पछि काठमाडौं उपत्यकामा पर्नसक्ने प्रभाव र देखिने सम्भावना रहेका दृश्यमा आधारित उक्त परिदृश्यको मुख्य उद्देश्य उपत्यकावासीहरुमा भूकम्पीय जोखिमप्रति जनचेतना अभिबृद्धि गर्नु र नीति निर्माताहरुमा भूकम्पीय जोखिमप्रति पूर्वतयारीको सजगता अपनाउन प्रेरित गर्नु रहेको थियो । सोही परिदृश्यलाई आधार मानी काठमाडौं उपत्यका भूकम्पीय जोखिम व्यवस्थापन कार्ययोजना समेत तयार गरी कार्यान्वयन गरिएको थियो ।

पहिलो परिदृश्य तयार पारेको करिब २० वर्षपछि एनसेटले पुनः भूकम्पीय परिदृश्य तयार गरेको छ । यो परिदृश्य विसं २०७२ को गोरखा भूकम्पले काठमाडौं उपत्यकामा पारेको असरमा आधारित छ । पहिलो परिदृश्य अनुसन्धान र केही अनुमानमा आधारित थियो भने यो परिदृश्य यथार्थमा आधारित छ । पहिलो परिदृश्यकै शैली र संरचनामा तयार गरिएको यस परिदृश्यले २०७२ वैशाखको विनाशकारी भूकम्पमा काठमाडौं उपत्यकाभित्र कस्तो असर पारेको थियो भन्ने तत्कालीन झलक दिन्छ । यो परिदृश्यमा उल्लिखित विवरण विभिन्न आमसञ्चार माध्यममा प्रकाशित सामग्री, नेपाल सरकारलगायत विभिन्न निकायका प्रतिवेदनहरु र लेखकीय अनुभवमा आधारित छ । पहिलो परिदृश्य तयार गर्दा काठमाडौं उपत्यकामा तत्काल साँच्चिकै कुनै भूकम्पले असर पारेको अवस्था थिएन, त्यसैले अनुसन्धान, परिकल्पना र अनुमानलाई आधार बनाएर तयार गरिएको थियो भने यो परिदृश्य काठमाडौं उपत्यकाले भोगेको साँच्चिकै भूकम्पको यथार्थमा आधारित छ, तसर्थ यसमा परिकल्पना र अनुमानलाई कुनै स्थान दिइएको छैन ।

भूकम्पले कुनै पनि स्थानको भौतिक स्वरुपलाई मात्र होइन त्यहाँ बसोबास गर्ने व्यक्ति, परिवार र समुदायलाई के कस्तो असर पार्न सक्छ भन्ने बुझाउन एक काल्पनिक पात्र 'भाईचा' लाई माध्यम बनाइएको छ । काठमाडौं उपत्यकाभित्रको एक रैथाने सर्वसाधारण नागरिकको चरित्र निर्वाह गर्ने भाईचा एनसेटले तयार पारेको दुवै भूकम्पीय परिदृश्यमा उपस्थित छ र भूकम्पीय जोखिमबाट सुरक्षित समुदायको निर्माणमा समर्पित छ ।

यो परिदृश्य तयार गर्नुको मुख्य उद्देश्य गोरखा भूकम्पले काठमाडौं उपत्यकामा पारेको असरलाई शब्द, तस्बिर र रेखाचित्रको माध्यमबाट चिरकालसम्म स्मरणमा राख्नु र भविष्यमा विभिन्न क्षेत्रबाट गरिने भूकम्पीय जोखिम व्यवस्थापन प्रयासलाई सघाउनु हो । यो परिदृश्य तयार पार्ने महत्वपूर्ण कार्यमा योगदान गर्नुहुने सबैप्रति एनसेट आभारी छ ।

**भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल** (NSET)

# गोरखा भूकम्प पश्चात्

# काठमाडौं उपत्यकाको परिदृष्य

Post - Gorkha Earthquake Scenario of Kathmandu Valley

## २०७२ वैशाख १२ गते शनिबार

### तत्कालको दृष्य

गर्मीको याम छ । तर बिहानै देखि मौसम धुम्मिएकोले काठमाडौं उपत्यकावासीले आज त्यति धेरै गर्मी महसुस गरिरहेका छैनन् । शनिबारको दिन भएकाले अधिकाँश मानिसहरु फुर्सदको मनस्थितिमा छन् । विद्यार्थीहरु पढन जान नपर्ने दिन भएकाले र कर्मचारीहरु पनि काममा जान नपर्ने भएकाले कोही नुहाई धुवाईमा व्यस्त छन् भने कोही रमाइलोमा मस्त छन् । विदाको दिन अरु दिनभन्दा ढिला खाना खानेहरु भाञ्छाकोठामा छन्, कोही खाईसकेर आराम गरिरहेका छन् ।

दिनको ११ बजेर ५६ मिनेटको समयमा अचानक मानिसहरुले आफू बसिरहेको ठाउँ जोडले हल्लिएको महसुस गरे । त्यसैबेला उपत्यकाको उत्तर- पश्चिम दिशातर्फबाट केही अनौठो किसिमको आवाज आएको पनि कतिले याद गरे । सुरुमा केही क्षण सम्म त कसैले पनि के भएको भन्ने ठम्याउन सकेनन् तर धक्का निकै जोडको भएको र आफु असन्तुलित हुन पुगेकोले सबैलाई भूकम्प नै आएको हो भन्ने यकिन भयो र आत्तिदै भाग्न थाले । बालबालिकाहरु रुँदै दौडिए भने महिला, पुरुष, बृद्धबृद्धा, अशक्तहरु पनि सुरक्षित ठाउँको खोजीमा आत्तिदै, कराउँदै निस्किए ।



भूकम्पको धक्काको कारण मानिसहरु सुरक्षितस्थानमा जम्मा भएको अवस्था

भूकम्प आउँदा के गर्नुपर्छ, के गर्नु हुँदैन भन्ने ज्ञान भएका मानिसहरुले धेरै होस पुर्‍याए । जस्तै कसैले ग्याँस चुलो निभाएर मात्र बाहिर निस्किए, टिभी हेरिरहेकाहरु टिभी बन्द गरेर निस्किए, कोही टेबलमुनी छिरे । तर यस्तो ज्ञान नभएकाहरु






भाईचा

(एक काल्पनिक पात्रको अनुभव)
२०७२ वैशाख १२ गते शनिवार,
मध्यान्ह, काठमाडौं

र ज्ञान भएर पनि त्यतिखेर हेक्का राख्न नसक्नेहरुले भने क्षति व्यहोर्नु पर्‍यो । यसक्रममा कसैले झ्याल वा बार्दलीबाट हाम फाल्दा खुट्टा भाँचे भने कसैले भऱ्याङ्बाट खुर्मुरिंदा हात भाँचे । दराजमा रहेका सामानहरु खसेर भुईभरी छरपस्ट भए भने कतिपय  दराज नै ढल्दा थप क्षति हुनगयो ।

भूकम्पको शक्तिशाली धक्काले धेरै संरचनाहरु भत्काएकाले त्यसको कुइरी मण्डल धुलोले वातावरण ढाक्न थाल्यो । निमेषभरमै कति घर ढली सके भने, कति मानिसहरु घरभित्र च्याप्पिए, कति निस्सासिए ।

भागेर जसोतसो खुल्ला ठाउँमा पुग्न सफल भएका मानिसहरुका खुट्टा डरले काँपीरहेका छन् । आफ्नो नजिकै चौर वा सुरक्षित खुला ठाउँ भेट्न नसक्नेहरु रनभुल्लमा परे । उनीहरु कहाँ जाने, के गर्ने भन्ने भेउ पाउन नसकी झन् बढि आत्तिए । आफ्ना परिवारका सबै सदस्यहरु र स्वजनहरु सकुशल रहे नरहेको थाहा पाउन सबै आतुर छन् ।

भूकम्प आएको त पक्का भयो तर यसको केन्द्रविन्दु कहाँ हो र कति क्षमताको कम्पन भयो भन्नेबारे तत्काल आधिकारिक जानकारी पाइएन । त्यसैले अनेकौं अडकलबाजी चलिरहे । धेरैजसोले रसुवा वा नुवाकोटमा यसको केन्द्रविन्दु हुन सक्छ भन्ने अनुमान गरे भने यो भूकम्प विसं १९९० को महाभूकम्प जत्तिकै शक्तिशाली हुनुपर्छ भन्ने अन्दाज पाका उमेरका मानिसहरुले लगाए ।

मध्यान्ह १२ बजेको समाचार प्रशारण गर्नु पर्ने रेडियो र टेलिभिजन प्रसारण संस्थाहरुलाई निकै ठूलो चुनौती आईपऱ्यो । समाचार भन्न आ-आफ्नो स्टुडियो भित्र पसिसकेका  समाचारवाचकहरु आफ्नो कार्यकक्ष जोडले हल्लिन थाले पछि अन्यौलमा परे । भूकम्पको धक्काले स्टुडियोभित्रको समाचारवाचन कक्ष लथालिंग भयो भने भूकम्प जानासाथ विद्युत बन्द भएकोले  समस्या थपियो ।  कतिपय समाचारवाचक समाचार भन्नेतर्फ नलागेर स्टुडियो बाहिर भागे भने केहीले धैर्य धारण गरी समाचार भने । तर समाचारमा भरखरैको भूकम्पबारे स्पष्ट जानकारी दिन सकिने अवस्था थिएन । भूकम्पले हल्लाउन थाले पछि सबैजना घर बाहिर भागेकाले १२ बजे रेडियो र टेलिभिजनले के समाचार प्रसारण गरे भन्नेबारे सर्वसाधारणले हेक्का राख्न सकेनन् ।

हातमा मोबाइल फोन लिएका मानिसहरु यत्रतत्र छन् । तर फोन लागिरहेको छैन । शनिवारको दिन परेकोले काठमाडौं उपत्यकामा अरु दिनभन्दा सवारी चाप कम छ । तर पनि भूकम्पको शक्तिशाली धक्काले सवारी साधन हाँकी रहेका र  त्यसमा यात्रा गरिरहेका यात्रुहरु असमञ्जसमा परे । सवारी साधन असन्तुलित भएकोमा कतिले आफ्नो साधनमा केही समस्या आएको हो कि भन्ने सोचे, कतिले सडकलाई दोष दिए । तर वास्तविकता अर्कै थियो । यो वास्तविकताको भेउ पाउने सवारी चालकहरुले भने सावधानीपूर्वक  आफ्नो साधनलाई छेउ लगाई आफु  सुरक्षित ठाउँमा बसे । धेरैजसो मोटरसाइकलहरु असन्तुलित भई लडे । ड्युटीमा कार्यरत ट्राफिक प्रहरीहरु अलमलमा परिरहेका देखिए ।

## तत्कालको अनुभव

### घर बलियो भएकोले भाईचाको परिवार जोगियो



क

भाईचालाई आज फुर्सद थियो । त्यसैले खाना खाइ सकेपछि ऊ गहुँ बाली हेर्न आफ्नो खेततिर जाने तरखर गर्दै थियो । त्यस्तैमा अचानक उसलाई रिङ्गटा लागे जस्तो भयो । उसलाई घरको कोठा नै घुमाएको अनुभव  भयो । एकछिनपछि नै उसका टोलका मानिसहरु चिच्याउँदै, आत्तिदै घर बाहिर भागभाग गर्न थाले । त्यसपछि ऊ पनि कराउँदै घर बाहिर निस्कियो ।

उसले केही वर्ष पहिले आफैंले अनुभव गरेको भुईंचालो सम्झियो, जसमा उसले आफ्नो बाबु र पत्नी गुमाएको थियो भने उसको पहिलाको घर ध्वस्त भएको थियो । त्यो भुईंचालोले उसको मात्र होइन, धेरैको जीवनमा ठूलो परिवर्तन ल्याइदिएको थियो । त्यसैले अहिले भरखरै आएको भुईंचालोले पनि उसलाई निकै अत्यायो । तर उसको अहिलेको घर भुईंचालोको जोखिमलाई ध्यानमा राखेर बनाएकोले घर भत्किदैन भन्ने उसको विश्वास छ । किनकि उसको पुरानो घर पहिलाको भुईंचालोमा परेर ध्वस्त भई बाबुको समेत त्यसैमा पुरिएर

नेपालको ऐतिहासिक धरोहरको रुपमा रहेको धरहरा टुक्रा भएर पश्चिमतर्फ ढल्यो भने जस्को नामबाट काठमाडौंको नामाकरण भएको हो, त्यो प्रख्यात प्राचीन काष्ठमण्डप धरासायी भयो । वसन्तपुर, ललितपुर, भक्तपुर दरवार क्षेत्रका ऐतिहासिक सम्पदाहरु नष्ट भए । टुँडिखेलको पश्चिमतर्फको प्रवेशद्वार (राज्याभिषेक द्वार) काठमाडौं मल अगाडीको सडकमा गर्ल्लम्म ढल्यो । त्रिपुरेश्वर चोकमा रहेको श्री ५ त्रिभुवनको सालिकलाई घेरेर बनाइएको लठ्ठा पूरै ढल्यो तर सालिक भने जोगियो ।

कहाँ कहाँ कति क्षति भयो भन्ने अनुमान वा आँकलन गर्न सकिने स्थिति अहिले कतै पनि छैन ।

थानकोटको त्रिभुवन पार्क, गोदावरी पार्क, बज्रयोगिनी, बज्रबाराही, जहरसिंह पौवा, दक्षिणकाली, ककनी आदि स्थानमा वनभोजमा रमाई रहेका सयौं मानिसहरुबीच कोलाहल मच्चियो । हेर्दाहेर्दै कति घर ढले, कति ढल्ने अवस्थामा पुगे । सबै आत्तिएका छन् । पटक पटक जमिन हल्लिरहेकोले मानिसहरु झन् धेरै डराइरहेका छन् । करिव एक मिनेटको कम्पनले काठमाडौं उपत्यकाको पूरै परिदृष्य कहालीलाग्दो बनाई दियो । जोडसँग आएको पहिलो धक्काको स्पष्ट अनुभव भएको करिव ३४ मिनेट पछि अर्थात् १२.३० बजे फेरि दोस्रो धक्का आयो । मानिसहरुबीच फेरि कोलाहल मच्चियो ।







मृत्यु भएपछि उसले भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल (एनसेट) बाट भूकम्प प्रतिरोधी निर्माण प्रविधि सम्बन्धी डकर्मी तालिम लिइ आफैं अघि सरेर भवन संहिताको पालना गरी नयाँ घर बनाएको थियो । त्यसैले आजको भुईंचालोले उसको नयाँ घरलाई नोक्सान गर्दैन भन्ने कुरामा ऊ ढुक्क थियो ।

ख

तर डकर्मी तालिम लिएपछि उसले आफ्नो मात्र होइन अरु धेरै घर र स्कुल भवनहरु पनि निर्माण गरेको थियो । अहिले ती के भए होलान् भन्ने खुल्दुली उसको मनमा लाग्न थाल्यो । तर भुईंचालोले पटकपटक हल्लाई रहेकोले कतै जान सक्ने स्थिति थिएन । त्यसैले ऊ घर देखि केही परको सडकमा बसिरहेको छ, अरु सयौं छिमेकीहरुसँगै । नजिकै खुला चौर कतै नभएकाले मानिसहरु सडकमै थुप्रिएका छन् ।

सबै आत्तिरहेका छन् । धुलोले वातावरण ढाकिरहेको छ । उसले यस्तो भुईंचालोको अनुभव पहिला पनि गरिसकेकोले अरुलाई नआत्तिन, घरभित्र नपस्न, खुला ठाउँमा आफ्ना परिवारसँगसँगै बस्न सल्लाह दिइरहेको छ ।

शनिवार भएकोले उसका छोरा, बुहारी, छोरी पनि घरमै थिए । उनीहरु पनि आत्तिदैं खुला सडकमै आईपुगे ।

## एक घण्टापछि

### जनमानसको अवस्था

दिनको १ बज्यो । यतिखेरसम्म घरभित्र फँसेकाबाहेक सबैजसो मानिसहरु जसोतसो आफ्नो नजिकको खुला ठाउँहरुमा पुगे । टुँडिखेल, खुलामञ्च, दशरथ रंगशाला, सानोगौचरन, लैनचौर, नारायणचौर, धोवीचौर, छाउनी, माइतीघर मण्डला, वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको परिसर, कोटेश्वर तीनकुने, चुच्चेपाटी, जावलाखेल, भक्तपुर सल्लाधारी लगायतका चौर र शहरका सबै चोकचोकसाथै सडकमा समेत मानिसहरुको ओइरो लाग्यो । चक्रपथ नजिकका मानिसहरुका लागि चक्रपथको सडक नै खुला ठाउँ बन्न पुग्यो ।

हात हातमा मोबाइल सेट लिएका मानिसहरु १ बजेको रेडियो  समाचार सुन्न व्यस्त रहे । तर सबै रेडियो प्रसारण सुचारु नभई केही मात्र सुचारु थिए । रेडियो प्रसारणहरुले आफ्नो समाचारमा गोरखा जिल्लाको वारपाक केन्द्रविन्दु भएको ७.६ म्याग्निच्युडको ठुलो भूकम्प गएको जानकारी दिए । त्यसपछि मात्र एकछिन अघिसम्मका अडकलबाजीहरु साम्य भए ।

यसरी भेला भएका मानिसहरु आआफ्नो झुण्डमा कुरा गरिरहेका सुनियो -

"नेपालमा ठुलो भूकम्प आउँछ भनेर चर्चा गरेको धेरै भयो, नभन्दै आई हाल्यो नि । "

"नेपालमा ९० सालको जस्तो भूकम्प फेरि दोहरिन्छ भन्थे, साँच्चै हो रै'छ ।"

"अझ ठुलो भुईंचालो आउन सक्छ ।"

"काठमाडौं बाहिरका जिल्लाहरुमा त ध्वस्तै भयो होला ।" आदि

घरभित्र पस्न सक्ने स्थिति कसैको छैन । त्यसैले ल्याण्ड लाइन फोनको प्रयोग हुन सकेन । साथमा भएका मोबाइलले नेटवर्क समाउन सकेको छैन । समाइ हाले पनि बीचैमा लाइन काटिन्छ । धेरैले एकैपटक फोन गरिरहेकाले मोबाइल फोन लाग्न नसकेको हो । काठमाडौं उपत्यका बाहिरका जिल्लाहरुमा पनि भूकम्पले धेरै हल्लाएको हुँदा उपत्यका बाहिर फोन गर्न चाहने र बाहिरबाट उपत्यकाभित्र फोन गर्न चाहने चिन्ताग्रस्त मानिसहरु धेरै छन् तर सम्पर्क हुन ज्यादै कठिन भईरहेको छ । शनिबारको दिन भएकाले धेरैजसो मानिसहरु घरपरिवारसँगै नै रहेकाले खुला ठाउँहरुमा सपरिवार नै भेला हुनेहरु धेरै देखिए । विदाको दिन र दिउँसोको समयमा भूकम्प आएकोले धेरै मानिसहरु जोगिएको हुनुपर्छ भन्ने तर्क पनि मानिसहरु गरिरहेका छन् । तर शनिवार विदा नहुने स्कुल, कलेज र कार्यालय गएका आफ्ना परिवारजनकाबारेमा जानकारी पाउन मानिसहरु छट्पटाइरहेका छन् भने त्यसरी शनिवार पनि आफ्नो कार्यक्षेत्रमा व्यस्त रहेकाहरु घरपरिवारको जानकारी लिन आतुर देखिन्छन् ।

### तत्काल उद्धार

नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरी तत्कालै उपत्यकाका शहर बजारमा व्यापक परिचालन भएका देखिए । उनीहरु भत्केका घर वा अन्य संरचनामा पुरिएका मानिसहरुको खोजीगरी जीवितै उद्धार गर्न

ग

आफुले केही वर्षअघि बनाएका विभिन्न विद्यालय भवनहरुमा आजको भुईंचालोले के कस्तो असर पाऱ्यो होला भन्ने जान्न निकै उत्सुक भएकोले उसले  मोबाइल फोनबाट आफ्ना डकर्मी साथीहरुलाई सम्पर्क गर्न खोज्यो, तर सम्पर्क हुन सकेन । उसको छोराको कार्यालयबाट तुरुन्त उपस्थित हुनुभन्ने खबर आएकोले उसको इन्जिनियर छोरा कार्यालयतर्फ हानियो ।



हेर्दाहेर्दै उसको टोलका कति घरहरु ढले, कति चर्किए, कति कोल्टे परे । परखालहरु त एउटा पनि बचेनन् । घरको कौसीमा रहेका पानी ट्याङ्की र सोलार प्यानलहरुले पनि ठाउँ छोडेका थिए । जमिन हल्लिन नछोडेकोले मानिसहरु बढी डराइरहेका थिए ।

भाईचाले टाढैबाट आफ्नो घरतर्फ आँखा लगाइरहेको थियो, आफ्नो घर सकुशल नै ठडिएको देख्दा ऊ केही आश्वस्त थियो । तर नजिकैका कतिपय घरहरु भने सकुशल अवस्थामा देखिएका थिएनन् ।

साँझ पर्दै आएपछि मानिसहरुलाई आजको रात कसरी बिताउने भन्ने चिन्ताले सताउन थाल्यो । भाईचा पनि परिवारसँग यहि विषयको सल्लाह गर्दैथियो । एकमन त उसलाई आफ्नो घर बलियो भएकोले घरमै गएर सुतौंकि जस्तो पनि लागेको थियो । तर छोरी र बुहारीले मानेनन् साथै ठूलो भुईंचालो आएको २४ घण्टासम्म घरभित्र पस्नु

प्रयत्नशील छन्। तर त्यस्तो कार्यका लागि आवश्यक औजार र उपकरणहरुको भने पर्याप्त व्यवस्था हुन सकेको देखिएन। एम्बुलेन्सहरु साइरन बजाउँदै कुदिरहेका देखिन्छन् भने सुरक्षा निकायका गाडीहरु पनि कुदिरहेका छन्।

## अस्पताल

उपत्यकाका प्रमुख अस्पतालहरु वीर, त्रिवि शिक्षण, कान्ति, सैनिक, प्रहरी, मोडेल, नर्विक, मेडिकेयर, ओम, पाटन, भक्तपुर आदिमा घाइतेहरुको ओइरो लाग्न थालेको छ। वीर अस्पताल ट्रमा सेन्टरमा मात्र ४०० भन्दा बढी घाइतेहरु थुप्रिसकेका छन्। अस्पतालहरुमा शनिबार बहिरङ्ग विभाग (ओपिडी) बन्द रहने हुँदा अन्तरङ्ग विभाग ( इनडोर) र आकस्मिक विभाग( इमर्जेन्सी) मा ड्युटी परेका डाक्टर र स्वास्थ्यकर्मीहरु मात्र कार्यरत छन्। उपचारार्थ आउने घाइतेहरुको संङ्ख्या निरन्तर बढिरहेकोले अस्पतालमा जनशक्तिको ठुलो अभाव भयो। केही अस्पतालले विदामा रहेका आफ्ना जनशक्तिलाई तत्कालै अस्पतालमा बोलाई काममा लगाउने व्यवस्था गरे भने कतिपय अस्पतालमा यस्तो व्यवस्था हुन सकेन। घाइते विरामीको चापलाई थेग्न कठिन भएकोले त्रिवि शिक्षण अस्पतालले चौरमा राखेर उपचार सेवा दियो भने वीर अस्पताललगायत अन्य अस्पतालहरुले पनि उपचारस्थानका लागि वैकल्पिक उपाय अपनाए।



यतिखेर क्षेत्रपाटी निःशुल्क चिकित्सालय विशेष उल्लेखनीय रहन गयो। चार तले यसको भवनलाई करिब पाँच वर्ष अघि पुनःसबलीकरण (रेट्रोफिट) गरिएको थियो। सरकारी, गैरसरकारी र स्थानीयको पहल तथा भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपालको प्राविधिक सहयोगमा पुनःसबलीकरणको पहिलो नमुना बनेको यस चिकित्सालय भवनलाई आजको भूकम्पले कुनै असर पारेन। तसर्थ भूकम्प पछि तत्कालै यहाँ ओइरो लागेका सयौं घाइतेलाई उपचार सेवा दिन यो चिकित्सालय सक्षम भयो। पुनःसबलीकरण गर्दा 'अनावश्यक खर्च गरियो, बरु त्यो रकमले नयाँ भवन नै बनाएको भए हुन्थ्यो ' भनेर असहमति जनाउनेहरु अहिले पुनःसबलीकरणको सुखद परिणाम देखेर छक्क परिरहेका छन्।

## शिक्षण संस्था

आजको भूकम्पबाट उपत्यकाका शिक्षण संस्थाहरुमा पनि व्यापक क्षति पुग्न गएको छ। तर सन्तोषको कुरा, शनिबार परेका कारण मानवीय क्षति भने खासै भएन। शनिबार पनि बिहान पठन- पाठन हुने केही उच्च मावि र कलेजहरुमा भूकम्प आउनु अगावै कक्षा सकिएर शिक्षक तथा विद्यार्थीहरु घर फर्किसकेका हुनाले पनि मानवीय क्षति हुनबाट जोगियो। भौतिक क्षति भने शिक्षण संस्थाहरुले निकै खप्नु परेको देखिन्छ।

देशको सबैभन्दा जेठो विद्यालय दरबार हाईस्कुल (भानु मावि) र सोही भवनमा रहेको सँस्कृत विद्यालय भूकम्पको मारमा परेको स्पष्ट देखिन्छ। सो विद्यालय भवनको दक्षिणपट्टी अर्थात् भोटाहिटी तर्फको भित्ता पूरै ढलेको छ भने अन्य भागमा पनि धेरै क्षति पुगेको छ। यसैगरी उपत्यकाका पुराना र प्रतिष्ठित विद्यालयहरु जस्तै पद्मोदय, जुद्धोदय, विश्वनिकेतन, कन्या मन्दिर, आदर्श कन्या निकेतन (ललितपुर), भक्तपुरको पद्म मा.वि., सारदा मा.वि. आदि विद्यालयका भवनहरुमा धेरै क्षति पुगेको छ। यसैगरी केही निजी स्कुल तथा कलेजमा पनि गम्भीर भौतिक क्षति पुगेको देखिन्छ।

यसैबीच सन्तोष लिन सकिने अर्को दृष्य पनि देखा परेको छ - त्यो हो केही वर्ष अघि भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल ( एनसेट) को प्राविधिक सहयोगमा भूकम्पीय सुरक्षा प्रविधि अपनाएर बनाइएका वा सबलीकरण गरिएका विद्यालय भवनहरु भने आजको भूकम्प थेग्न सफल भएका स्पष्ट देखिन्छन्। त्यसरी जोगिएका विद्यालयहरुमा अहिले स्थानीय मानिसहरु भेला भईरहेका छन्।



## बस्तीमा क्षति

काठमाडौंमा सबैभन्दा बढि क्षति गोंगबु, सामाखुसी, सीतापाइला, सतुङ्गल, नैकाप, कपन, धर्मस्थली, शोभाभगवती, सानो भऱ्याङ, ठूलो भऱ्याङ, साँखु, पाँगा, कीर्तिपुर आदि क्षेत्रमा भयो । गोंगबु क्षेत्रमा विशेषगरी लज र होटलहरु ध्वस्त भए भने कपनको नारायण चोकस्थित सात तले घर पूरै ध्वस्त भयो । त्यसमा रहेको चर्चमा प्रार्थनारत लगायत सो भवनमा रहेका अन्य समेत गरी ६० जनाभन्दा बढिको अवस्था अज्ञात छ ।

कोटेश्वर, नयाँ बानेश्वर, पुरानो बानेश्वर, बत्तिसपुतली, गौशाला, चावहिल, महाराजगञ्ज, वालुवाटार, बाँसबारी, गोल्फुटार, बुढानीलकण्ठ, बसुन्धरा, बनस्थली, बालाजुटार, कालिमाटी, त्रिपुरेश्वर, थापाथली आदि स्थानमा उल्लेखनीय क्षति भएन । सबैभन्दा आश्चर्य त असन, इन्द्रचोक, भोटाहिटी, भोसिंको, नयाँसडक, नरदेवी, ठहिंटी, क्षेत्रपाटी आदि काठमाडौं शहरका भित्री क्षेत्र आजको ठुलो भूकम्पबाट जोगिए । जबकि यी क्षेत्रका पुराना घरहरु बर्षौ अघि देखि नै जोखिमपूर्ण अवस्थामा रहेका थिए ।

विगत केही वर्षभित्र उपत्यकाका विभिन्न स्थानमा बनेका अग्ला अपार्टमेन्टहरुका बासिन्दाहरुलाई आजको भूकम्पले निकै अत्यायो । त्यसैले करिब एक दर्जन त्यस्ता अपार्टमेन्टका सयौं बासिन्दाहरु अहिले नजिकको खुला ठाउँमै जम्मा भएका छन् ।

उता राणाकालको विभिन्न समयमा बनेका दरबारहरुमा पनि निकै नोक्सान भएको छ । कार्यालय रहेका पुराना दरबारहरु विशेषगरी सिंहदरबार, बबर महल, बहादुर भवन, हरिहर भवन, नारायणहिटी, केशर महल, बाघ दरबार, मिन भवन, राष्ट्र बैंक रहेको बालुवाटार र थापाथली दरबार आदिमा गम्भीर क्षति पुगेको प्रष्ट देखिन्छ ।



यसैगरी ललितपुरको बुँगमती, खोकना, चापागाउँ, लुभु, नल्लु, चौघरे,चारघरे, चन्दनपुर, गोटीखेल, कालेश्वर, गिम्दी, ठुला दुर्लुङ, आस्राङ, बुखेल, मानिखेल, भटट्े डाँडा, सडखु, माल्टा, इकुडोल, सिद्धिपुर, प्युटार, घुसेल,भारदेउ, सिद्धिपुर आदि ग्रामीण क्षेत्र बढि क्षतिग्रस्त भएभने कुपन्डोल, सानेपा, झम्सीखेल, पुलचोक, जावलाखेल, लगनखेल, सातदोबाटो आदि नगर क्षेत्रमा गम्भीर क्षति भएको देखिएको छैन ।

भक्तपुर बजारको भित्री क्षेत्र जस्तै तौमढी, गोल्मढी, सुकुल ढोका, मध्यपुर थिमी आदि क्षेत्रमा धेरै नोक्शान भयो भने शहर बाहिरका क्षेत्र जस्तै कौशलटार, लोकन्थली, सानो ठिमी, थिमी बजार, सल्लाघारी, सूर्यविनायक, बालकोट, दधिकोट आदि अरनिको राजमार्ग छेउछाउका बस्तीहरुमा भूकम्पले तुलनात्मक रुपमा कम क्षति पुऱ्याएको देखियो ।

तर कोटेश्वर - सूर्यविनायक सडक खण्ड अन्तर्गत कौशलटार क्षेत्रमा सडक निकै चिरिएको र भास्सिएको छ । यसले गर्दा आवागमनमा केही अवरोध पुगेको छ ।

अक्सर ठूलो भूकम्पको लगत्तै घनाबस्तीहरुमा आगलागीका घटना हुने गर्दछन् । तर आजको भूकम्पले आगलागी निम्त्याएन । यो एक ठुलो सन्तोषको विषय बन्न गयो ।

भूकम्पको झट्का जारी नै छ । त्यसले नै मानिसहरुलाई बढि अत्याइरहेको छ । मुख्यत अझ ठुलो भूकम्प आउन सक्छ भन्ने हल्ला र आशंकाले मानिसहरु बढी चिन्तित भईरहेका छन् ।

घरभित्रै च्याप्पिएका मानिसहरुबाहेक अरु कोही पनि घर भित्र रहेका छैनन् । भूकम्पविद्हरुले आगामी २४ घण्टासम्म घरभित्र नपस्न आमसञ्चार माध्यमहरुबाट सुझाव दिईरहेका छन् । तर कतिपय मानिसहरु एकपटक आफ्नो घरभित्र पसेर मूल्यवान बस्तुहरु बाहिर ल्याउन पाए हुन्थ्यो भन्ने सोचमा पनि छन् ।

घर भत्किनु र चर्किनुबाहेक धेरैजसो ठाउँमा देखिएको दृष्य हो - पर्खाल भत्कनु र छतमा राखिएका पानीका ट्याङ्की र सोलार प्यानलहरुले आफ्नो ठाउँ छोडनु । अपार विनाशको दाँजोमा परखाल, ट्याङ्की, सोलार क्षतिग्रस्त हुनु कम

महत्वको विषय भए पनि यो काठमाडौं उपत्यकाका बस्तीहरुमा आम रुपमा देखिएको दृष्य हो ।



## सम्पदा क्षेत्रमा क्षति

आजको भूकम्पबाट काठमाडौं उपत्यकाको धार्मिक तथा ऐतिहासिक सम्पदामाथि निकै गम्भीर चोट पुग्यो । विश्व सम्पदा सूचीमा सूचीकृत उपत्यकाका सात प्रमुख सम्पदा क्षेत्र वसन्तपुर, पाटन र भक्तपुरका दरबार क्षेत्र, पशुपति क्षेत्र, बौद्धनाथ र स्वयम्भूनाथमा गम्भीर क्षति पुगेको छ ।

ऐतिहासिक धरहरा, वसन्तपुर दरबार, नौतले दरबार, पाँचतले मन्दिर, काष्ठमण्डप, गद्धी बैठक, कुमारी घर, हनुमान ढोका क्षेत्रका महादेव मन्दिर, बिष्णु मन्दिर, भगवती,कृष्ण,बागेश्वरी,जगन्नाथ, भाजुदेवल, दशमहाघर, कामदेव मन्दिर, त्रैलोक्यमोहन, अष्टकर्ण, कागेश्वर शिव मन्दिर, दशैंघरको शिव मन्दिरका साथै प्रताप मल्लको सालिक, रानीपोखरीको बीचमा रहेको बालगोपाल मन्दिर, कालमोचनघाटमा रहेका मन्दिरहरु, जैसी देवल मन्दिर, टोखाको चण्डेश्वरी भगवती मन्दिर क्षतिग्रस्त भए ।

जयवागेश्वरी, इन्द्रायणी आदि मन्दिरका गजुर ढलेका देखिए । पशुपतिनाथको मूल मन्दिर जोगिए पनि पशुपति क्षेत्रमा अवस्थित अन्य देवस्थलहरु गुह्येश्वरी, पञ्च देवल, विश्वरुप, किराँतेश्वर, गोरखनाथ, मृत्युञ्जय, लक्ष्मीनारायण, शङ्कराचार्य, जितजङ्ग प्रकाशेश्वर, राम मन्दिर आदि मन्दिरहरु, सेतो शिवालय तथा सत्तलहरु भूकम्पबाट क्षतिग्रस्त भए । तर पशुपतिनाथ, उन्मत्त भैरव, तलेजू, कालभैरव, आकाशभैरव, बटुक भैरव, सङ्कटा, महाँकाल, भाटभटेनी, गोकर्णेश्वर, घण्टाघर आदि राजधानीका धार्मिक तथा साँस्कृतिक सम्पदा संयोगवश जोगिए । साँखुको बज्रयोगिनी, खड्गयोगिनी र माधवनारायण, नारायण मन्दिरहरु भूकम्पको गम्भीर मारमा परे । लगन गणबहाल स्थित भीमसेन थापाको ऐतिहासिक सिलखान दरबार पनि क्षतिग्रस्त भयो

यसैगरी ललितपुर जिल्लाका धार्मिक तथा ऐतिहासिक सम्पदाहरुमा पनि गम्भीर क्षति पुग्न गयो । बुङ्मती स्थित रातो मत्स्येन्द्रनाथको मन्दिरका साथै ललितपुरका विभिन्न स्थानमा रहेका सम्पदाहरु जस्तै जगतनारायण मन्दिर, पाटन दरबारको सुन्दरी चोक, हरिशङ्कर मन्दिर, चार नारायण मन्दिर, मणिमण्डप, राधाकृष्ण

घ

हुँदैन भन्ने कुरा पनि उसले सम्झियो । भाईचाको भतिज पर्ने छिमेकी युवक पाल खोजेर ल्याउँछु भनी पालको खोजीमा लाग्यो । छोरी र बुहारी बेलुका खानलाई च्युरा, दालमोठ, चाउचाउ आदिको जोहो गर्नेतिर लागे ।

सबैतिर पालको हाहाकार छ । पाल खोज्न टोलका अरु मानिसहरुसँग गएको भाईचाको भतिज खाली हात नै फर्कियो । तर उसले मानिसहरु स्कुलको कक्षा कोठामा रात बिताउने भनेर स्कुलमा जम्मा भईरहेको खबर ल्यायो । भाईचालाई पनि स्कुलमै आश्रय लिनु बुद्धिमानी हुने लाग्यो र परिवारसहित स्कुलतर्फ लाग्यो ।

यो स्कुल यस भेगाको पुरानो स्कुल हो । परार सालमात्र यसको पुरानो भवनलाई पुन:सबलीकरण (रेट्रोफिट) गरिएको थियो । त्यसकाममा भाईचा र उसका तालिमप्राप्त डकर्मी साथीहरुले हप्तौंसम्म काम गरेको भाईचाले अहिले सम्झियो । स्कुल परिसरमा पुग्ने बितिकै भाईचाले सबैभन्दा पहिला स्कुल भवनका सबै कक्षा कोठाहरुको भित्र-बाहिर चारैतिर भवनको गारो, छत, गारोका सुरहरु, आदि एकएक गरी नियालेर हेऱ्यो । यसरी हेर्दा एउटा कक्षा कोठाको प्लास्टर अलिकति चर्किएको र अन्य तीनवटा कक्षा कोठाको भित्तामा राखिएको बोर्ड खस्न लागेको पायो ।



पुन: सबलीकरण गरिएको स्कुल भवनका कक्षा कोठाहरुमा ठूलो क्षति केही पनि नभएको देख्दा उसले

मन्दिर, गाबाहालको कृष्ण मन्दिर, तलेजू मन्दिर, केशवनारायण मन्दिर, भीमसेन मन्दिर, बगलामुखी, मल्लकालीन राजा योगनरेन्द्र मल्लको सालिक आदिमा भूकम्पको मार परेको देखियो ।

भक्तपुरका सम्पदालाई पनि आजको भूकम्पले बाँकी राखेन । प्राचीन चाँगुनारायण मन्दिरका साथै भक्तपुर दरबार क्षेत्रका वत्सलादेवी, केदारनाथ, फसिदेग, बेताल पाटी,च्यासीं मण्डप, लाल वैठक, शिव, नारायण, दुर्गाका मन्दिरहरु, न्यातपोल नजिकका साना मन्दिर लगायत सत्तलहरुमा गम्भीर क्षति पुगेको देखियो । केही वर्ष अघिमात्र जीर्णोद्धार गरिएकोले प्रसिद्ध ५५ झ्याले दरबार र पाँचतले (न्यातपोल) मन्दिरमा भने गम्भीर क्षति हुन पाएन । ठिमीको विष्णुवीर मन्दिर र दक्षिण बाराही मन्दिरलाई पनि भूकम्पले बाँकी राखेन ।

ठूलो संङ्ख्यामा मानिसहरु धरहरा वरिपरी जम्मा भएका छन् तर धरहरा छैन । वि.सं. १९९० को महाभूकम्पमा क्षतिग्रस्त भएकोमा वि.सं.१९९२ मा पुनर्जीवन पाए देखि शानसँग उभिएर संसारलाई नेपालको गौरव चिनाइ रहेको धरहरा अहिले ध्वस्त भई ठूटोमा परिणत भएको छ । धरहराको हालत देखेर त्यहाँ जम्मा भएका मानिसहरुको मन नराम्ररी कुँडिएको छ, भन्छन् - "धरहरा उभिएको अब फेरि देख्न पाइएला कि नपाइएला ?" धरहराको बार्दलीबाट काठमाडौंको दृष्यावलोकन गरी आज शनिबारको विदा मनाउन धरहरा चढिरहेका र ओर्लिरहेकाहरु धरहरासँगै पुरिएका छन् । तर आज १२ बज्ने बेलामा धरहराभित्र कति मानिस थिए भन्नेबारे यकिन जानकारी प्राप्त छैन । धरहरा ढल्दा धरहराभित्र र बाहिर गरी करिब ७० जनाको मृत्यु भएको प्रारम्भिक अनुमान गरिएको छ । धरहरा चढनलाई टिकट लिइसकेका तर प्रवेश गर्न बाँकी रहेका करिव एकसय जना संयोगले बचेका छन् ।

यसैगरी ऐतिहासिक  तथा धार्मिक महत्वको काष्ठमण्डप निमेषभरमै भग्नावशेषमा परिणत भएको देखेर मानिसहरुका अनुहार मलिन बनेको छ । त्यहाँ एक सहकारी संस्थाले आयोजना गरेको रक्तदान शिविर चलिरहेको बेलामा भूकम्प आएको थियो । त्यहाँ शिविर सञ्चालक, रक्तदाता, स्वास्थ्यकर्मी र स्वयम्सेवकहरु एकत्रित भएका थिए । घटनास्थलमा कति हताहती भए, कति घाइते भए यकिन हुन सकेको छैन, भग्नावशेषमा खोजी र उद्धार कार्य जारी छ । त्यहाँ कम्तिमा पनि २० जना पुरिएको आशङ्का गरिएको छ ।

उपत्यकाभित्रका कति सम्पदा क्षतिग्रस्त भए भन्नेबारे अहिले नै यकिन गर्न सकिने स्थिति छैन । तीनै जिल्लाका गरी करिब पाँचसय सम्पदामा गम्भीर क्षति पुगेको हुनसक्छ भन्ने स्थानीयहरुले अनुमान गरेकाछन्  ।

## आमसञ्चार

यतिखेर सबैजसोको एउटै सहारा भएको छ - रेडियो प्रसारण । हातहातमा भएका मोबाइल वा ब्याट्रीवाला सानो ट्रान्जिस्टरबाट प्रसारण भईरहेका भूकम्पसम्बन्धी जानकारीमै मानिसहरुको ध्यान केन्द्रित भईरहेको छ । उपत्यका बाहिर गोरखा, धादिङ,  नुवाकोट, रसुवा, काभ्रे, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, मकवानपुर, लमजुङ आदि जिल्लाहरुमा पनि आजको भूकम्पले व्यापक क्षति



पुऱ्याएका समाचारहरु प्रसारण भईरहेका छन् । रेडियो नेपालले भूकम्प आएको केही मिनेट पछि देखि नै भूकम्प सम्बन्धी सूचना मात्रै निरन्तर प्रसारण गरिरहेको छ । तर भूकम्पले स्यूचाटार स्थित विद्युतभार सम्प्रेषण केन्द्रमा क्षति पुऱ्याएको कारण विद्युत वितरण अबरुद्ध भएकोले कतिपय आमसञ्चार माध्यमहरु सञ्चालनमा आउन सकेनन् । तत्काल जेनेरेटर वा अन्य वैकल्पिक व्यवस्था गर्न सक्ने आमसञ्चार माध्यमहरुले मात्र आफ्नो काम जेनतेन जारी राख्न सके ।

टेलिभिजन च्यानलहरुले पनि आफ्नो प्रसारण भूकम्पमै केन्द्रित गरिरहेका छन् । तर सबैजसो मानिसहरु घर बाहिरै भएकाले र विद्युत नभएकाले धेरैले टेलिभिजन हेर्न पाएनन् । भूकम्पले असर नपारेका अन्य जिल्लाका बासिन्दाहरुले भने निरन्तर टेलिभिजन हेरिरहेका छन् । टेलिभिजनमा काठमाडौं उपत्यकामा जनधनको व्यापक क्षति भएका हृदयविदारक दृष्यहरु देख्दा उनीहरु त्रसित भईरहेका छन् । धरहराको दुर्दशा भएको दृष्य बारम्बार टेलिभिजनमा देख्दा मानिसहरु निकै शोकाकुल र त्रसित बनेका छन् । निरन्तर परकम्प आईरहेको खबरले आफ्नो ठाउँ पनि भूकम्पको चपेटामा पर्ने हो कि भन्ने चिन्ताले देशभरकै मानिसहरुलाई सताएको छ ।

स्वदेश र विदेशका समाचार एजेन्सीहरु र अनलाइन समाचारहरुले भूकम्पकै विषयलाई प्राथमिकता दिई समाचार अद्यावधिक (अपडेट) गर्दै रहे । समाचारको मुख्य स्रोतको रुपमा कार्यरत राष्ट्रिय समाचार समिति ( रासस)को अनवरत समाचार सेवा भूकम्पको लगत्तै विद्युत आपूर्तीमा समस्या भई करिब तीन घण्टा अवरुद्ध भएकोमा पछि वैकल्पिक व्यवस्था गरी समाचार सेवा सुचारु भयो ।

आज साँझ प्रकाशित हुनुपर्ने पत्रपत्रिकाहरुलाई निकै ठुलो चुनौती आई परेको छ भने भोलि विहान पाठकसमक्ष पुग्नुपर्ने दैनिक र साप्ताहिक पत्रपत्रिकाहरुले पनि निकै ठुलो चुनौतीको सामना गरिरहेका छन् ।

यतिखेर सञ्चार माध्यममा मोबाइल फोन र एसएमएस अत्यधिक प्रयोगमा छन् । ल्याण्डलाइन फोन घरभित्र हुने भएकोले फोन गर्न वा फोन उठाउन घरभित्र जान सकिने स्थिति छैन । सूचना आदानप्रदानमा सहज होस भनी नेपाल टेलिकमले भोलिसम्मका लागि एसएमएस र आज राति १२ बजेसम्मका लागि फोन सेवा निःशुल्क उपलब्ध गराएको छ । एउटै समयमा धेरै मोबाइल प्रयोग भईरहेकोले मोबाइल फोन सजिलोसँग लागिरहेको छैन ।

## सरकारी सक्रियता

भूकम्पको पहिलो धक्का महशुस भएको दुई घण्टापछि नै सिंहदरवार परिसरमा रहेको राष्ट्रिय आपत्कालीन कार्य संचालन केन्द्र (National Emergency Operation Center NEOC) मा बसेको केन्द्रीय दैवी प्रकोप उद्धार समितिको पहिलो बैठकले खोजी तथा उद्धार कार्य एवम् जीवन रक्षाका कार्यमा केन्द्रित रहन सबै संयन्त्रहरुलाई तत्कालै परिचालन गर्ने निर्णय गऱ्यो । बैठकले प्रधानमन्त्री उद्धारकोषबाट तत्कालै वित्तीय स्रोत विनियोजन गर्नुका साथै ११ वटा क्षेत्रगत संयन्त्रहरु सक्रिय गराउने निर्णय पनि गऱ्यो ।

प्रधानमन्त्री सुशील कोइराला विदेश भ्रमणमा रहनु भएकोले मन्त्रिपरिषदको आकस्मिक बैठक आजै अपरान्ह का.वा. प्रधानमन्त्री बामदेव गौतमको अध्यक्षतामा बस्यो । सो बैठकले केन्द्रीय दैवी प्रकोप उद्धार कोषलाई तत्कालै रु ५० करोड निकासा दिने निर्णय गऱ्यो । साथै भूकम्पग्रस्त क्षेत्रका जनतालाई धैर्य धारण गर्न र क्षतिग्रस्त जिल्लाका जिल्ला प्रशासन कार्यालय, सेना, प्रहरी, राजनीतिक दल, नागरिक समाज र स्वयम्सेवी सामाजिक संस्थाहरुलाई तत्काल उद्धार तथा राहत कार्यमा जुट्न आग्रह गऱ्यो ।

राष्ट्रपति डा.रामवरण यादवले देशबासीलाई धैर्य धारण गरी एक आपसमा सहयोग गर्न सार्वजनिक आव्हान गर्नुभयो ।

नेपालमा आज आएको ठुलो भूकम्पको विषयलाई लिएर नयाँदिल्लीमा भारतको केन्द्रीय सरकारको आकष्मिक बैठक बस्यो र सोही बैठकको निर्णय



अनुसार भारतको नेशनल डिजास्टर रेसक्यु फोर्स भूकम्प आएको छ घण्टाभित्रमै कम्बल, खाद्यान्न, उद्धार तथा खोजीका उपकरणसहितको भारतीय सेनाको विमान अपरान्ह त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गर्‍यो । उद्धारका लागि आउने पहिलो विदेशी टोली भारतको रह्यो ।

अन्योल र हतासमै केही घण्टा बित्यो । त्यसपछि सबैको चिन्ता खाना कसरी पकाउने, रात कसरी बिताउने भन्नेमा केन्द्रित भयो । ठूलो भूकम्प गएको कम्तीमा २४ घण्टासम्म घरभित्र पस्न हुँदैन भन्ने विज्ञहरुका सुझावका साथै आमधारणा र निरन्तरको परकम्पका कारण सबैजना आजको रात घर बाहिरै बिताउने मनस्थितिमा छन् । राष्ट्रपति डा. यादव पनि शितल निवासस्थित आफ्नो सरकारी निवासभित्र नबसी त्यहींको चौरमा पाल हालेर बस्नु भएको छ । विभिन्न स्थानका खुला ठाउँमा जम्मा भएका पुरुषहरु पाल, त्रिपालको जोहो गर्न थाले भने महिलाहरु पकाउनु नपर्ने तयारी खानेकुरा जस्तै चिउरा, दालमोठ, चाउचाउ, बिस्कुट, पानी आदि जुटाउन व्यस्त भए । ग्याँस चुलो, सिलिण्डर र केही भाँडाकुँडाको व्यवस्था गर्न सक्नेहरु बाहिरै खुला ठाउँमा खाना पकाउन थाले ।

एकै स्थानमा आश्रय लिएका ठाउँहरुमा सामुहिक भोजनको पनि व्यवस्था गरियो । सबैभन्दा धेरै मानिसहरु टुँडिखेलमा आश्रय लिन पुगेका छन् । उनीहरुका लागि नेपाली सेना, प्रहरी र स्वयम्सेवीहरुले खान र रात बिताउन चाहिने अत्यावश्यक  बन्दोबस्त मिलाए । गर्मीको मौसम भएकाले राति चिसोको समस्या भएन । तर सबैतिर पालको हाहाकार छ । सेना, प्रहरी, नेपाल रेडक्रस, विभिन्न सामाजिक संघ संस्था, टेन्ट व्यवसायी, पर्यटन व्यवसायी आदिबाट संकलित पाल,त्रिपाल आवश्यकताको दाँजोमा अत्यन्त न्यून हुन गयो ।

साँझ गृह मन्त्रालयले दिएको जानकारीअनुसार भूकम्पका कारण देशका विभिन्न स्थानमा गरी ७६६ जनाको मृत्यु भईसकेको छ । त्यसमध्ये काठमाडौंमा १८१ जना, ललितपुरमा ६६ जना र भक्तपुरमा १४४ जना छन् । धरहराको भग्नावशेषबाट आजै ५० जनाको शब निकालियो भने, काष्ठमण्डपबाट २४ जनासमेत गरी वसन्तपुरका अन्य क्षतिग्रस्त भग्नावशेषबाट समेत गरी ६० जनाको शब निकालियो । यसैगरी कपनको साततले भवनबाट चर्चमा प्रार्थनारत २० जना सहित अन्यसमेत गरी ८० जनाको शब निकालियो । ती सबै शब परीक्षणका लागि त्रिबि शिक्षण अस्पताल महाराजगञ्जस्थित शब परीक्षण कक्षमा राखिए ।

आज दिउँसो करिब १२ बजेको पहिलो सबैभन्दा ठूलो धक्का देखि रातको करिव १२ बजेसम्मको १२ घण्टाको अवधिभित्र विभिन्न समयमा गरी चार म्याग्निच्युड भन्दा माथिका धक्का वा परकम्प ३८ पटक स्पष्ट महशुस गरियो । त्यसैले के गर्ने ? के नगर्ने ? भन्ने अन्यौल र फेरि ठूलो भूकम्प आउँछ भन्ने आशंकामै भोलिको सूर्योदयको प्रतीक्षा गर्दै काठमाडौं उपत्यकावासीहरुले घर बाहिरै बैशाख १२ गते शनिबारको अविस्मरणीय रात बिताए ।

आफूले गरेको काम सफल भएको देखेर सन्तोष मान्यो । यतिखेरसम्म विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक, केही शिक्षक, विद्यार्थी र अभिभावकहरु विद्यालय परिसरमा जम्मा भईसकेका थिए । उसले प्रधानाध्यापकलाई स्कुल भवनको अवस्थाबारे जानकारी गरायो र खस्न लागेका बोर्डहरुलाई भित्ताबाट झिकेर सुरक्षितसँग भुईंमा राख्ने व्यवस्था गर्न लगायो । अन्य कक्षा कोठामा रहेका बोर्डका किला र अङ्कुशलाई पनि ठोकेर नखस्ने बनाउन लगायो । प्रधानाध्यापकको निर्देशनअनुसार कक्षा कोठाका बेञ्च, डेस्कहरुलाई बाहिर निकाली प्लास्टिकले छोपेर राखियो । यसरी १० वटा कक्षा कोठा खाली गरिए र त्यसमा स्थानीय बासिन्दाहरुले रात बिताउने व्यवस्था गरियो । भाईचा र उसको छोरा, भतिज पुरुषहरुका लागि छुट्याइएको कोठामा बसे भने छोरी र बुहारी महिलाहरुको लागि तोकिएको कोठामा । यसरी आजको रात बिताउने व्यवस्था गरियो । बेलाबेलामा परकम्प आई नै रह्यो । भाईचा राम्ररी निदाउन सकेन । उसले पहिलाको भुईंचालो सम्झियो, त्यही भुईंचालोले गुमाउनु परेको बाबु र पत्नीलाई सम्झियो, केही वर्षअघि कालगतिले मृत्यु भएकी आमालाई पनि सम्झियो । यसरी पटकपटक आईरहने भुईंचालोका कारण अझ कति दुःखःकष्ट भोगिरहनु पर्ने हो भन्ने चिन्ता पनि गर्‍यो । विहानपख मात्र ऊ केहीबेर निदायो ।

ङ



## भोलिपल्ट (वैशाख १३ गते आइतबार)

विहान भिmस्मिसेमै मानिसहरुको खल्याङबल्याङ शुरु भयो । अधिकाँश मानिसहरुले घर बाहिरै रात बिताए पनि पटक पटकको झट्काले कोही पनि निश्चिन्त भई राम्ररी निदाउन भने पाएनन् । गएराति १२.४५ बजे, बिहान ३ बजे र ५ बजे गएको चार म्याग्निच्युड भन्दा बढीको परकम्पले उपत्यकावासीहरुलाई रातमा पनि तर्साइरह्यो । पालको अभाव सबैभन्दा टड्कारो रुपमा खट्किरहेको छ । रेडियो नेपालले रातभरि पनि भूकम्प सम्बन्धी जानकारी र भूकम्पबाट अत्यधिक प्रभावित विभिन्न स्थानका अवस्थाबारे स्थानीय बासिन्दाका भनाईहरु प्रसारण गरिरहेकोले उपत्यकावासीहरुलाई त्यही सुनेर रात बिताउन केही सजिलो भयो ।

विदेश भ्रमणमा रहनुभएका प्रधानमन्त्री सुशील कोइराला बैंककको आफ्नो पूर्वनिर्धारित कार्यक्रम देशमा अकस्मात् आईपरेको कठिन परिस्थितिका कारण दुई दिन छोट्याई आज स्वदेश फर्कनु भयो । फर्किए लगत्तै बसेको मन्त्रिपरिषदको आकस्मिक वैठकले महामारी फैलन नदिन मृतकहरुको सामुहिक अन्त्येष्ठी गर्ने, पानी, बत्ती, खाद्यान्न, पाल आदि अत्यावश्यक बस्तुको आपूर्तीका लागि विभिन्न समन्वय समितिलाई जिम्मा दिने, अन्तर्राष्ट्रिय क्षेत्रसँग लगायत अत्यावश्यक सामग्रीहरुको अविलम्ब सहयोगका लागि अनुरोध गर्ने आदि निर्णय गऱ्यो ।

यसैगरी विभिन्न राजनीतिक दलहरुले विज्ञप्तिजारी गर्दै सर्वसाधारणलाई धैर्यधारण भई र आफ्ना कार्यकर्ताहरुलाई उद्दार तथा राहतकार्यमा संलग्न हुन अपिल गरिसहेका समाचारहरु संचार माध्यमबाट आईरहेका छन् ।

### उद्धार कार्य

विहानै देखि उद्धारकर्मीहरु आफ्नो काममा जुटे । उनीहरुको मुख्य प्रयास घरभित्र पुरिएका मानिसहरुको उद्धार गर्नमा केन्द्रित छ । तर खोज तथा उद्धारका लागि अत्यावश्यक साधन तथा उपकरणहरुको नितान्त अभाव उद्धारकर्मीहरुले अनुभव गरिरहेका छन् । साथै यस्तो बेलामा कसरी उद्धार कार्यमा जुट्ने भन्नेबारे उपयुक्त तालिमप्राप्त नागरिक जनशक्तिको अभाव पनि निकै खट्किएको छ । विशेषगरी नेपाली सेना, प्रहरी र सशस्त्र प्रहरी बलमा केही मात्रामा त्यस्तो तालिमप्राप्त जनशक्ति भएकाले तिनै जनशक्तिबाट यो काम भईरहेको छ । तर यति ठुलो मात्रामा जनधनको क्षति भएको स्थितिलाई सम्हाल्म सक्ने पर्याप्त जनशक्ति र अत्याधुनिक उपकरणहरु सेना र प्रहरीसँग पनि उपलब्ध
छैन । यद्यपि पिक, साभेल, कोदालो आदि साधारण औजारहरुकै भरमा पनि सेना, प्रहरी र स्वयम्सेवकहरुले सम्भव भएसम्म खोजी तथा उद्धारकार्यलाई तीव्रता दिईरहेका छन् । विशेषगरी शहरी क्षेत्रका घरहरु कंक्रिटबाट बनेकाले कंक्रिटका पिलर, बिम, ढलान आदिलाई पन्छाएर उद्धारको काम अघि बढाउन निकै कठिन भइरहेको छ । सजिलैसँग कंक्रिट काट्ने उपकरण उपलब्ध छैन ।

विदेशबाट खोज तथा उद्धार टोली काठमाडौं आउने क्रमले आज तीव्रता पायो । आज चीन, पाकिस्तान, सिंगापुर, श्रीलङ्का र इजरायलबाट उद्धार टोली काठमाडौं आई पुगेका छन् भने भारतबाट चिकित्सा टोली समेत आई पुगेको छ ।

हिजोको ठुलो भूकम्प र दिनभर, रातभरका परकम्पहरुले भत्काएका, चर्किएका, एकपाखो पूरै भत्किएका, भास्सिएका, कोल्टे परेका घरहरु काठमाडौं उपत्यकाभित्र यत्रतत्र देखिन्छन् । त्यस्ता धराप बनेका घरहरुभित्र पसी जीवीत वा मृतकको खोजी गर्ने कार्य अत्यन्तै चुनौतीपूर्ण रह्यो । तर पनि त्यस्ता चुनौतीसँग सामना गर्दै कतिपय मानिसहरुलाई जीवीतै उद्धार गर्न उद्धारकर्मीहरु सफल भए । आज विहान भक्तपुरको महालक्ष्मी टोलबाट नेपाली सेनाको उद्धार टोली हिजो भूकम्प गए देखि हराई रहेका ५ महिनाका बालक सोनिस अवाललाई जीवितै उद्धार गर्न सफल भयो । यो बालकलाई भूकम्प गएको २२ घण्टा पछि भत्किएको घरको भग्नावशेषबाट सकुशल उद्धार गरिएको थियो । यसैगरी टर्कीको खोजी तथा उद्धार टोलीले काठमाडौंको सीतापाइलाबाट एक व्यक्तिको जीवितै उद्धार गऱ्यो ।

शनिवारको दिन भएपनि हिजो महाराजगञ्जस्थित करदाता सेवा कार्यालयमा लेखा परीक्षण सम्बन्धी काममा सँलग्न रहेका एक महिलासहित चार कर्मचारीको कार्यालय रहेको भवन पूरै भत्किदा मृत्यु भएकोमा भग्नावशेषबाट आज उनीहरुको लास निकालियो ।

### अस्पताल

काठमाडौं उपत्यकाका ठुला अस्पतालहरुमा भूकम्पबाट घाइते भएकाहरुको चाप अत्यधिक छ । विशेष गरी हात भाँचिएका, खुट्टा भाँचिएका,

टाउकोमा चोट लागेका घाइतेहरु अत्यधिक छन् भने भूकम्पका कारण आत्तिएर मानसिक सन्तुलन गुमाएकाहरु वीर अस्पताल, त्रिवि शिक्षण अस्पताल, सैनिक अस्पताल, प्रहरी अस्पताल, निजामती अस्पताल, गंगालाल, पाटन अस्पताल, भक्तपुर अस्पताल आदि सरकारी अस्पतालका साथै मोडेल, नर्भिक, मेडिकेयर, ओम, ग्राण्डी, ब्लु क्रस आदि निजी व्यवस्थापनका अस्पतालहरुमा पनि घाइतेहरुको घुईंचो लागेको छ । आकस्मिक कक्षले मात्र स्थान नपुगी अस्पतालको खाली रहेका सबै ठाउँमा बिरामी राखिएका छन् । त्रिवि शिक्षण अस्पतालको भवन बाहिरको खुला स्थानलाई अस्थायी उपचार कक्षमा परिणत गरिएको छ ।

हिजोको भूकम्पमा काठमाडौं उपत्यकाका मुख्य सडक र पुलहरु क्षतिग्रस्त नभएकाले घाइतेहरुलाई अस्पताल पु¥याउन कठिनाई भएको छैन । उपत्यकाका सबैजसो सरकारी अस्पताल भवनहरुमा भूकम्पबाट क्षति पुगेको छ । तर उपचार सेवा नै रोक्नु पर्ने गरी क्षति भएको छैन । त्यसैले उपत्यकाका मुख्य अस्पतालहरुमा सेवा सुचारु रहेको छ ।  ठुलो भूकम्प आउँदा पनि सडक, पुल र अस्पताल भवन चालु अवस्थामा रहनु सन्तोषको विषय बनेको छ । अन्यथा अस्पताल नै पुग्न नसकी वा अस्पतालले सेवा दिन नसकी धेरै घाइतेले ज्यान गुमाउनु पर्ने हुनसक्थ्यो । हिजो दिउँसो देखि  आज साँझसम्ममा काठमाडौं उपत्यकाभित्रका विभिन्न अस्पतालहरुमा गरी चार हजारभन्दा बढि घाइतेको उपचार भईसकेको छ ।

## शिक्षण संस्था

भूकम्पले शिक्षण संस्थाहरु नराम्ररी प्रभावित भएका छन् । वैशाखको पहिलो साता देखि प्रारम्भ भएको नयाँ शैक्षिक सत्रमा अस्ति शुक्रबारसम्म देखिएको पठन-पाठनको उत्साहजनक वातावरण आज दु:खान्तक बन्न पुगेको छ ।

हिजो शनिवारको बिदा पछि आज शिक्षण संस्थाहरु सञ्चालन हुनुपर्नेमा भूकम्पले फैलाएको सन्त्राश र शिक्षण संस्थाहरुको क्षतिग्रस्त भौतिक अवस्थाका कारण पठन- पाठन सम्भव भएन । सरकारले भूकम्पबाट अति प्रभावित जिल्ला भनेर ११ वटा जिल्लालाई तोक्यो । ती जिल्लामा काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रे, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, धादिङ, गोरखा, नुवाकोट र रसुवा छन् । ती जिल्लाका शिक्षण संस्थाहरुलाई एक साताका लागि विदा दिने सरकारले निर्णय गरेको छ । साथै शिक्षक, अभिभावक र माथिल्लो कक्षाका विद्यार्थीहरुलाई आआफ्नो क्षेत्रमा उद्धार कार्यमा परिचालित हुन सार्वजनिक अपिल गरेको छ । साथै यही बैशाख २० गते देखि सञ्चालन हुनुपर्ने कक्षा १२ को पूर्वनिर्धारित अन्तिम परीक्षा भूकम्पका कारण उत्पन्न जटिल परिस्थितिलाई दृष्टिगत गरी हाललाई स्थगित गरिएको सूचना पनि सरकारले आज जारी ग¥यो । भूकम्पले धेरै विद्यालय भवनहरु क्षतिग्रस्त भएपनि विगतमा भूकम्पीय सुरक्षा प्रविधि अपनाई बनाईएका वा पुन:सबलिकरण गरिएका स्कुल भवनहरु भने सुरक्षित रहेका छन् । ती स्कुल भवनहरुमा हिजो देखि सयौं परिवार अस्थायी आश्रय लिएर बसिरहेका छन् ।

## भोलिपल्ट

च

### तालिम प्राप्त डकर्मीहरुले बनाएको घर र स्कूल भत्केन

काठमाडौं उपत्यका लगायत देशका विभिन्न जिल्लामा व्यापक जनधनको क्षति हुने गरी भुईंचालो आएको भोलिपल्ट पनि मानिसहरु भुईंचालोको त्राशबाट मुक्त हुन सकिरहेका छैनन् ।  त्यसमाथि आज पनि निरन्तर आई रहेका परकम्प र अझै ठूलो भुईंचालो आउँछ भन्ने हल्लाले मानिसहरुलाई बढी पीरोलीरहेको छ ।

टोलमै बसिरहन भाईचाको मनले मानेन । ऊ परिवारलाई जानकारी दिएर पहिला आफुले बनाएका स्कुल भवनहरुको अवस्था बुझ्न भनेर हिंड्यो । हिजोभन्दा आज मोबाइल फोनले काम गरेकाले उसले आफ्ना तालिमप्राप्त डकर्मी साथीहरुलाई पनि आफुहरुले बनाएका स्कुलमा बोलायो । सार्वजनिक यातायातका साधनहरु केही पनि नचलेकाले उनीहरु पैदल हिंडेरै स्कुलमा भेला भए । उनीहरुले भूकम्पीय सुरक्षा प्रविधि अपनाएर पाँच वर्षअघि आफूले बनाएका कक्षा कोठाहरुलाई राम्ररी नियालेर हेरे



## बाटोको स्थिति

भूकम्पको कारण काठमाडौं उपत्यकामा बाटोको स्थिति आवागमन नै बन्द गर्नुपर्ने किसिमले क्षतिग्रस्त भएको छैन । सडकतर्फ तुलनात्मक रुपमा बढी असर भक्तपुर जाने छ लेनको सडकको लोहकन्थली क्षेत्रमा मात्र परेको छ । भूकम्पका कारण त्यस ठाउँमा सडक केही चर्केको र भास्सिएको छ । यसैगरी त्रिपुरेश्वर, थापाथली र राम शाह पथमा पनि सडक चर्किएका छन् तर आवागमन रोकिएको छैन । गोंगबु, सामाखुशी, सीतापाइला, कपन आदि क्षेत्रका धेरै भवनमा गम्भीर असर परी जनधनको व्यापक क्षति भएतापनि ती स्थानका सडक र पुलहरु भने क्षति हुनबाट बचेका छन् । धरहरा ढले पनि त्यस नजिक टुँडिखेलको चारैतर्फका एकतर्फी मूलसडक क्षति भएको छैन । बसन्तपुर, हनुमान ढोका क्षेत्रका सम्पदा स्थलहरुमा व्यापक क्षति भएपनि त्यहाँका सडक भने यथावत् छन् । यसैगरी पाटन दरबार क्षेत्र र भक्तपुर दरबार क्षेत्रमा पनि सम्पदास्थलहरु भूकम्पबाट प्रभावित भएपनि सडक, बाटोलाई भूकम्पले नछोएको प्रष्ट देखिन्छ ।

उपत्यकाभित्रका ठुला साना कुनै पनि पुलमा भूकम्पका कारण गम्भीर क्षति भएको छैन । काठमाडौंलाई ललितपुर र भक्तपुरसँग जोड्ने सबै पुलहरु आवागमनयोग्य छन् । तीनै जिल्लाका शहरी क्षेत्रभित्रका साना बाटाहरु र ग्रामीण भेगका बाटाहरुमा पनि आवागमन रोकिएको छैन । बरु कतिपय स्थानमा बाटोको दायाँ बायाँका घर भत्केकाले त्यसको ईंटा, माटो आदि बाटोमा थुप्रिएर बाटो साँघुरिएको छ ।

जापान - नेपाल अर्जेन्ट कोल्याबोरेटिभ रिसर्च सर्भे प्रोग्रामले गरेको अध्ययनअनुसार ललितपुरको झरुवारासी, बुङमती, इमाडोल, हात्तिवन, मुलपानी, काठमाडौंको मनमैजु, रामकोट, स्युचाटार,गुह्येश्वरी र भक्तपुरको दुवाकोट र चाँगुनारायण आदि गरी ११ स्थानमा तरलीकरण (Liquefaction) भएको पत्ता लाग्यो । यी स्थानहरुमा भूकम्पका कारण जमिनबाट पानी, बालुवा, माटो सहितको तरल बाहिर आएको देखियो ।

## खानेपानी

भूकम्प वा प्रायःजसो जुनसुकै प्रकोप पछि पनि खानेपानीको हाहाकार एक मुख्य चुनौती बन्न जान्छ । तर यसपटक भने खानेपानीको त्यति ठुलो समस्या परेन । त्यसो त सामान्य अवस्थामै पनि काठमाडौं उपत्यकामा खानेपानीको अभाव नयाँ कुरा होइन । हिजोको भूकम्पबाट उपत्यकामा वितरण गरिने खानेपानीका रिजर्भ्वायर, पम्पिङ स्टेशन र पाइप लाइनहरु गम्भीर रुपमा क्षतिग्रस्त नभएका र सडकहरु चालु अवस्थामै भएकाले ट्याङ्कर आवागमनमा समेत कठिनाई नभएको हुँदा पानीको आपूर्तिमा ठुलो समस्या देखिएको छैन । साथै जार र मिनरलवाटरको बोतलमा पानी उपलब्ध गराउने परिपाटी उपत्यकामा व्यापक प्रचलनमा रहेकोले यो विपद्को बेलामा पनि पानीको खासै हाहाकार भएको छैन । टुँडिखेल, जावलाखेल, सल्लाधारी लगायत विभिन्न सार्वजनिक खुलास्थानमा हिजो देखि आश्रय लिइरहेका पीडितहरुलाई ट्याङ्कर, जार र बोतलबाट खानेपानीको आपूर्ती गरिएको छ ।

घरको कौसी वा छतमा राखिएका पानी ट्याङ्कीहरुलाई भने भूकम्पले क्षति पुऱ्याएको देखिन्छ । कतिपय ट्याङ्कीहरु खसेका छन् भने कतिपयले ठाउँ छोडेका छन् । क्षतिग्रस्त घरको

छ

तर हिजोको भुईंचालोले ती कक्षा कोठाहरुलाई केही असर गरेको पाएनन् ।

तर सोही स्कुलमा त्यस्तो प्रविधि नअपनाई दुई वर्षअघि मात्र बनाइएको स्कुलको कार्यालय भवन भने पूरै भत्किएको थियो । कार्यालय भवन भत्किदा धेरै भौतिक सामानहरुको क्षति भएको थियो । भुईंचालो शनिवार आएकोले कार्यालय भत्किदा पनि कसैको ज्यान जाने वा सख्त घाइते हुने दुःखद अवस्था आएको थिएन । भूकम्पीय सुरक्षा प्रविधि अपनाएर र नअपनाइकन घर बनाउँदा के फरक पर्दो रहेछ भन्ने प्रमाण आफ्नै अगाडी प्रत्यक्ष स्पष्ट भएकोले भाईचा र उसका सहकर्मी डकर्मी साथीहरुले सन्तोषको लामो सास फेरे । त्यस स्कुलमा पनि कक्षा कोठा खाली गराई हिजै राति देखि विशेष गरी महिला, केटाकेटी, गर्भवती, सुत्केरी, बिरामी, बृद्धबृद्धा, अपाङ्गता भएका, दृष्टिविहीन आदिले आश्रय लिइरहेका



थिए । भुईंचालोले स्वास्थ्य चौकी भत्काइदिएकोले दुईवटा कक्षा कोठामा सामान्य घाइते र बिरामीहरुको उपचार गर्न अस्थायी व्यवस्था मिलाइएको थियो । यो देखेर भाईचा र उसका साथीहरुले स्कुल भनेको खाली केटाकेटी पढाउने ठाउँ मात्र होइन रहेछ, विपद् परिआएको बेलामा

जमिनमुनी रहेका पानी ट्याङ्कीहरु पनि प्रयोगमा आउन सक्ने स्थिति छैन । भूकम्पले जमिनमुनी हलचल गराई दिएकोले उपत्यकाका कतिपय स्थानका सुकीसकेका ढुङ्गेधारा र कुवाहरुमा पानी आउन थालेको छ भने हिजोअस्तिसम्म पानी आउने गरेका कतिपय ढुङ्गेधारा र कुवाहरुमा पानी आउन बन्द भएका छन् । सुन्धारा, बाइसधारा लगायतमा भने भूकम्प अघि र पछिको स्थितिमा केही फरक आएन, यथावत् नै रह्यो । पानीको अभावमा पनि व्यवहार चलाउन बर्षौ देखि अभ्यस्त रहेका उपत्यकाबासीहरुलाई भूकम्पपछि अरु धेरै कुरामा समस्या परे पनि पानीको भने खासै ठुलो समस्या परेको देखिएको छैन ।

उपत्यकाभित्र जमिनमुनीको पुरानो पाइप लाइनमा भूकम्पमा जमिन हल्लिंदा केही क्षति पुगेको छ । भूकम्पका कारण त्रिपुरेश्वर, चावेल माहाँकाल र जावलाखेलमा रहेको खानेपानी कार्यालयका भवनमा केही क्षति पुग्न गयो ।

## विद्युत

हिजोको भूकम्पका कारण उपत्यकामा विद्युत वितरण प्रभावित भएको छ । कतिपय स्थानका ट्रान्सफर्मरमा असर परेको छ भने कतिपय विद्युतका खम्बा र तारहरुले आफ्नो ठाउँ छाडेका छन् । यसले गर्दा हिजै देखि विद्युत आपूर्ती प्रभावित भएको छ । स्यूचाटार विद्युत केन्द्र र देवीघाट विद्युत आयोजनामा हिजो भूकम्पले असर पारेका कारण विद्युत आपूर्ति अवरुद्ध भएकोमा आवश्यक मर्मत सुधार गरी आज देखि विद्युत सुचारु गरिएको नेपाल विद्युत प्राधिकरणले जनाएको छ । तर सामान्य अवस्थामा पनि विद्युत भार कटौती ( लोड सेडिङ)मा अभ्यस्त काठमाडौं उपत्यकावासीले यसलाई ठुलो समस्याको रुपमा लिएका छैनन् । जेनरेटर, सौर्य बत्ती, ब्याट्री, मैनबत्ती आदि वैकल्पिक उपायद्वारा अँध्यारो हटाउने उपाय गरिएको छ । खाना पकाउने कामका लागि विद्युतभन्दा ग्यास नै बढी प्रचलनमा रहेकोले विद्युतको अभावले खासै ठुलो असर पारेको देखिएको छैन । करेन्ट सर्ट भएर आगलागी भएको वा मानिसलाई करेन्ट लागेर दुर्घटना भएको पनि सुनिएको छैन । घर क्षतिग्रस्त भएका र परकम्प निरन्तर आइरहेकोले मानिसहरु घरभित्र बस्न सकेका छैनन् । तसर्थ घरभित्र विद्युत आपूर्ति भए नभएको कुराले खासै महत्व राखेको छैन । सर्वसाधारणलाई विद्युत आपूर्तिको प्रत्यक्ष सरोकार मोबाइल फोन चार्जसँग परेको छ ।



## फोन

भूकम्पका कारण टेलिफोन प्रणालीमा खासै ठुलो असर परेको छैन । टेलिफोनका तार, क्याबिनेट र खम्बाहरुमा धेरै क्षति भएको छैन । गत केही बर्ष अघि देखि नै मोबाइल फोनको व्यापक प्रयोगले गर्दा घरका ल्याण्डलाइन फोन कमै मात्र प्रयोगमा आउने गरेका थिए । हिजोको भूकम्प र निरन्तरको परकम्पका कारण मानिसहरु घर बाहिरै रहेकाले घरभित्र रहेका ल्याण्डलाइन फोनको प्रयोग हुने स्थिति छैन ।

तर मोबाइल फोनहरुको भने व्यापक प्रयोग भईरहेका छन् । मोबाइल चार्ज गर्न भने सहज छैन । ठाउँ ठाउँमा सामुहिक रुपमा मोबाइल चार्ज गर्ने व्यबस्था मिलाइएको छ । कतिपयले गाडीको ब्याट्री, इन्भर्टर, कम्प्युटर आदिमा पनि मोबाइल चार्ज गराइरहेका देखिन्छन् । विदेशबाट आफन्तहरुले नेपालको भूकम्पबारे चासो राखेर निरन्तर फोन गरिरहेकाले राति पनि मोबाइल फोनहरु व्यस्त रहेका छन् ।

भूकम्पका कारण नेपाल टेलिकमका १५ वटा माइक्रो वेभ लिंक, १५ वटा भवन, ५२५ वटा बिटिएस, प्रशारण टावर १० वटा र फाइबर दुई वटामा केही क्षति भयो ।

## आमसञ्चार

हिजोको भूकम्पका कारण आमसञ्चार माध्यमहरु निकै प्रभावित भएका छन् । गोरखापत्र दैनिकका खेलकुद पत्रकार सुमन बम्जन हिजो देखि सम्पर्कमा छैनन् । सँगैको घर भूकम्पले भत्काउँदा कामना प्रकाशन कार्यालय क्षतिग्रस्त भएकाले नेपाल समाचारपत्र दैनिक प्रकाशित हुन सकेन । रेडियो नेपालले भूकम्प लगत्तै देखि भूकम्प र क्षतिकै विषयमा मात्र केन्द्रितरही

निरन्तर विशेष प्रसारण गरिरहेको छ । भूकम्प अघिसम्म दैनिक १८ घण्टा प्रसारण हुँदै आएको रेडियो नेपालले हिजो देखि आफ्नो प्रसारणलाई विश्राम दिएको छैन । एफ.एम. प्रशारणहरु केही समय अबरुद्ध भएपनि पुनः प्रसारण भएका छन् । तर कतिपय एफ.एम.हरुले प्रसारणको समय कटौती गरेका छन् । सबैजसो रेडियो प्रसारणमा भूकम्प सम्बन्धी चर्चाले नै मुख्य स्थान पाएका छन् भने नियमित कार्यक्रमहरु स्थगित गरिएका छन् ।

टेलिभिजन स्टेसनहरुले पनि आफ्नो प्रसारण चलाई रहेका छन् । विशेष गरी भूकम्पबाट काठमाडौं उपत्यका र अन्य जिल्लामा भएको भौतिक क्षतिका दृष्य प्रसारण भईरहेका छन् । तर परकम्प निरन्तर आईरहेकाले घरभित्र बसेर टेलिभिजन प्रसारण हेर्ने धैर्य धेरै कममा मात्र देखिएको छ । केबल अपरेटर सेवा पनि धेरै नै प्रभावित भएकाले टेलिभिजन प्रशारणमा बाधा पुगेको छ ।

विभिन्न दैनिक पत्रपत्रिकाहरुमा भूकम्पबाट भएको असरका समाचार र फोटोहरु छापिएका छन् । धरहरा, काष्ठमण्डप, बसन्तपुर, पाटनदरबार क्षेत्र, भक्तपुर दरबार क्षेत्र आदि स्थानमा भूकम्पले पारेको क्षतिका फोटोहरु छापिएका छन् । दैनिक पत्रिकाहरुमा व्यापक रुपमा आएका मुख्य समाचार शिर्षक यस्ता छन् -

'महाभूकम्पको महाविनाश'

'महाभूकम्पमा सयौं हताहत् '

'९० साल पछिको ठूलो भूकम्प'

'भूकम्पको विनाशलिला'

'धरहरालगायतका धरोहर ध्वस्त'

'केन्द्रविन्दु गोरखाको बारपाक ध्वस्त'

'महाभूकम्पमा १५ सय बढी हताहत्, हजारौं घाइते'

'Killer earthquake hits nation' आदि ।

राजधानीबाट प्रकाशित प्रमुख दैनिकहरुले आज विशेष सम्पादकीय मार्फत उद्धार र राहतमा कुनै कमी कमजोरी नहोस् भनी जोड दिएका छन् ।

भूकम्पले पत्रिका प्रकाशनको प्राविधिक काममा पारेको गम्भीर असरका कारण आज कतिपय पत्रिका प्रकाशित हुन सकेनन् । आइतबार प्रकाशित हुनुपर्ने साप्ताहिक पत्रपत्रिकाहरुले निकै ठुलो चुनौतीको सामना गर्नु पऱ्यो । अरु बार प्रकाशित हुने पत्रिकाहरुलाई भने समयको चाप त्यति परेन । केही पत्रिका पृष्ठ घटाएर प्रकाशित भए ।

केही अनलाइन समाचारहरु मुख्यरुपमा भूकम्पकै समाचार प्रवाह गर्नमा सक्रिय रहे भने केही अनलाइन अवरुद्ध पनि भए ।

काठमाडौंस्थित विदेशी सञ्चार माध्यमका प्रतिनिधिहरु भूकम्पले पारेको जनधनको क्षतिबारे अन्तर्राष्ट्रिय जगतमा समाचार सम्प्रेषण गर्न निरन्तर व्यस्त रहे । कतिपय विदेशी सञ्चार माध्यमहरु आफ्ना कार्यक्रम भवन क्षतिग्रस्त भएकाले सुरक्षित भवन खोज्दै अल्पकालका लागि स्थानान्तरण भएका छन् । यसक्रममा भूकम्पीय सुरक्षा प्रविधि अपनाई निर्माण गरिएको एनसेटको भैंसेपाटीस्तित कार्यालय भवन पनि सञ्चार माध्यमका लागि आपत्का बेला सहयोगी बन्न पुगेको छ ।

ज

स्कुलको महत्व झन् ठूलो हुँदो रहेछ भन्ने स्पष्ट बुझें ।

स्कुलको हालखबर बुझ्ने क्रममा प्रधानाध्यापकसँग उनीहरुको भेट भयो । प्रधानाध्यापकले भाईचा र उसका डकर्मी साथीहरुलाई देखेर भने - ""हेर्नुस्न, यो कार्यालय भवन पनि तपाईहरुलाई नै बनाउन दिनुपर्ने रहेछ, तपाईहरुले बनाएको कक्षा कोठाहरु केही भएको छैन, पछि बनाएको कार्यालयको यो हालत भयो, ठुलो गल्ती गरिएछ ।""

भाईचाले भन्यो - ""जे भयो भईयो सर, अब यसको पुनर्निर्माण गर्दा चाँहि भूकम्पीय सुरक्षा प्रविधि अपनाउनै पर्छ ।""

""अब त चेतीहालियो नि नाइके दाई, अब त जे बनाए पनि भुईचालो थेग्ने गरेर मात्र बनाउने हो, होइन भने बरु बनाउँदै नबनाउने । यो कार्यालय पुनर्निर्माण गर्दा तपाईहरुले नै सहयोग गर्नुपर्छ है, मैले अहिले देखि नै भनिराख्या छु तपाईहरुलाई, पछि फेरि भ्याउँदिन भन्न पाइदैन नि ।"" प्रधानाध्यापकले आफ्नो चासो व्यक्त गरे ।



## बजार

हिजोको ठुलो भूकम्प र त्यसपछि निरन्तर आइरहेका परकम्पका कारण काठमाडौं उपत्यकाका मुख्य बजार खुल्न सकेका छैनन् । भूकम्पबाट बढी प्रभावित भएका ठाउँ र टोलहरुमा पसल रहेका घरहरु पनि भत्किएका छन् । कम प्रभावित क्षेत्रका पसलहरु भने केही घण्टाका लागि खुलेका छन् । त्यस्ता पसलहरुमा विशेष गरी दैनिक उपभोगका खाद्यबस्तु र अन्य सामान किन्न ग्राहकहरुको भीड लागेको देखिन्छ । चाउचाउ, चिउरा, दालमोठ, भुजिया, लाखामरी आदि लामो समयसम्म पनि नबिग्रने खालका खानेकुराहरुको माग बढिरहेको छ । घर बाहिरै बसेकाहरुलाई ग्यास उपलब्ध भएमा खाना पकाएर खान सकिने भएकोले ग्यासको माग पनि निकै बढेको छ । असन, भोटाहिटी, इन्द्रचोक, क्षेत्रपाटी, नयाँ सडक, पुतलीसडक, पाटनको मंगलबजार, भक्तपुर बजार आदि मुख्य बजार क्षेत्र प्रायः सुनसान देखिन्छ, केही घण्टाका लागि मात्र खुलेका पसलहरु बाहेक । उपत्यकाभित्रका ग्रामीण भेगका पसलहरु पनि बिहान र अपरान्ह केही बेर मात्र खुलेका देखिन्छन् ।

## दाहसंस्कार

हिजोको भूकम्पमा परी उपत्यकामा ज्यान गुमाउनेहरुको संख्या आज साँझ सम्ममा १,१५२ पुगेको छ । भग्नावशेषबाट लास निकाल्ने कामले अझ तीब्र गति पाइसकेको छैन । प्राप्त भएका शवहरु परीक्षणका लागि त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगञ्जमा राखिएको छ ।

दाहसंस्कारका लागि प्रक्रिया पुगेका लासहरु शववाहनबाट पशुपति आर्यघाट, कालमोचन, इन्द्रायणी, विष्णुमती, हनुमानघाट, शंखमूल आदि स्थानमा पुऱ्याउने र जलाउने काम तीव्रगतिमा भईरहेको छ । थोरै समयभित्र धेरै लासहरु आएकाले सबै घाटमा लास जलाउने पालो पर्खन सम्बन्धित आफन्तहरुले धेरै समय व्यतित गर्नु परिरहेको छ ।


© AFP/Getty Images

## जनमानसको अवस्था

हिजोको विनाशकारी भूकम्प र त्यसपछि लगातार आईरहेका परकम्पहरुले काठमाडौं उपत्यकाको जनमानस अत्यन्तै त्रस्त बनेको छ । आज आइतबार दिउँसो १२.५४ बजे सिन्धुपाल्चोक र दोलखाको सीमानामा केन्द्रविन्दु भएको ६.९ म्याग्निच्युडको निकै जोडको परकम्प गयो । यसले गर्दा मानिसहरु झन आत्तिए । यो परकम्प पछि ‘ आज रातिसम्ममा ८ रेक्टरको ठूलो भूकम्प आउँछ’ भन्ने हल्ला व्यापक रुपमा चल्यो । त्यस्ता भ्रामक हल्लाको पछि नलाग्न गृह मन्त्रालयले सार्वजनिक अपिल नै जारी गऱ्यो

भूकम्पले बढि क्षति पुऱ्याएका स्थानहरुमा मानिसहरुको स्थिति नाजुक छ । भूकम्पको चपेटामा परी आफ्नो परिवारको सदस्य गुमाउनेहरुको रुवाबासी एकातिर छ भने अर्को तिर जीवनभरको कमाई लगाएर, ऋणसापट गरेर बनाएको घर ध्वस्त हुनेहरुको वेदना बेग्लै छ । कोही यो दुबै चोट एकैपटक सहन बाध्य छन् । बालबालिका, बृद्धबृद्धा, विरामी, गर्भवती, सुत्केरी, दृष्टिविहीन र आपाङ्गता भएका व्यक्तिहरुले निकै ठूलो सास्ती खेप्नु परिरहेको छ । आफ्नो घर भत्किएको देखेर ठाउँ ठाउँमा कलिला बालबालिकाहरुले रुँदै बाबुआमालाई ‘ हाम्रो घर खोई ? अब हामी कहाँ बस्ने ? ’ भनेर सोधिरहेका दृष्य निकै मार्मिक देखिन्छ ।

सबैतिर पालको खोजी व्यापक भईरहेको छ तर पाल उपलब्ध गराउन सकिएको छैन । पालको मौज्दात राखेका संस्थाहरु नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल रेडक्रस सोसाइटी, विदेशी दातृसंस्थाहरु, पर्यटन व्यवसायी, टेन्ट तथा टारपोलिन व्यवसायी आदिसँग भएका पालहरु अस्थाई शिविरहरुमा प्रयोग भएका छन् । तर पुगेको छैन ।

उपत्यकाभित्रका ठुलासाना खुला स्थानहरु सबै अस्थाई बसोबासले भरिभराउ छन् । पर्याप्त खुला ठाउँको अभाव अहिले टड्कारो खट्किएको छ । गृह मन्त्रालयले आज भूकम्पको त्रास साम्य नभएसम्मका लागि अल्पकालीन बसोबासका लागि काठमाडौं उपत्यकाभित्र १६ स्थानलाई सुरक्षित र उपयुक्त स्थान भनी निर्धारण गरेको छ । जसअनुसार टुँडिखेल, रङ्गशाला, सानो

गौचरण, नक्साल नारायण चौर, सशस्त्र प्रहरीको हल्चोक मैदान, बलम्बु, सिनामंगल, कीर्तिपुर, जावलाखेल, खुमलटार, सेन्ट जेभियर्स मैदान, पुल्चोक इन्जिनियरिङ क्याम्पस, तीनकुने, भक्तपुर सल्लाघारी, भक्तपुर दरबार स्क्वायर र सरस्वती मावि कमलविनायक छन् ।

दैनिक जीवन पूरै प्रभावित भएको छ । बजार सुनसान देखिन्छ भने उद्योग, कलकारखाना पनि ठप्प रहे ।

सर्बोच्च अदालत र उपत्यकाका सबै अदालतहरुमा आजका सबै मुद्धा र पेशी स्थगित गरिएको छ । सरकारी तथा अन्य कार्यालयहरुमा सार्वजनिक विदा नभनिए पनि कर्मचारीहरुको उपस्थिति अत्यन्त न्यून रह्यो भने अति जरुरी काम बाहेक अन्य काम हुन सक्ने स्थिति थिएन । तर सुरक्षाकर्मी, स्वास्थ्यकर्मी तथा सञ्चारकर्मीहरुलाई भने काम भ्याइनभ्याई छ । उनीहरु विश्रामसमेत नलिई विहान देखि रातिसम्म आफ्नो काममा जुटिरहेका छन् । जुनसुकै स्थानमा रहेका मानिसका मुखमा पनि भूकम्पबाहेक अरु विषयको चर्चा छैन । क्षतिग्रस्त सम्पदास्थलहरु धरहरा, काष्ठमण्डप, बसन्तपुर, पाटन दरबार क्षेत्र, भक्तपुर दरबार क्षेत्र आदि स्थानमा क्षतिको दृष्य हेर्न मानिसहरुको घुईंचो लागेको छ । कतिपय फोटो खिच्नमा व्यस्त छन् भने कतिपय फेरि ती सम्पदा यथावत् पुनर्निर्माण होला कि नहोला भन्ने चासो र चिन्ता व्यक्त गरिरहेका पाइन्छन् ।



गृह मन्त्रालयले आज साँझ सार्वजनिक गरेको जानकारी अनुसार भूकम्पग्रस्त विभिन्न जिल्लाहरुमा गरी २,४३० जनाको मृत्यु भईसकेको छ भने पाँच हजारभन्दा बढी घाइते भएका छन् ।

उपत्यकाका ठूला घरहरु भत्कदा त्यसका मालिकहरु पनि अहिले पालमा ओत लाग्न बाध्य भएका छन् । घर भत्केको वा बस्न जोखिम हुने अवस्थाका घरपति र त्यसमा बहालमा बस्नेहरु पनि अहिले एउटै पालमुनी रात कटाइ रहेका छन् । हिजोको भूकम्प र त्यसपछिका निरन्तर परकम्पहरुले उपत्यकावासीहरुको स्थिति, सोच र व्यवहारमा पूरै हल्चल् ल्याइदिएको छ । आज राति १० बजेतिर काठमाडौं उपत्यकामा केही वर्षा भयो । यसले गर्दा पाल, त्रिपाल आदिमा जेनतेन ओत लागेर बसेका मानिसहरुलाई थप सास्ती हुन गयो ।

भाईचा र उसका साथीहरुले एकै स्वरमा भने - ""भै हाल्छ नि सर, खबर पाएपछि हामी आईहाल्छौ नि ।""

त्यसपछि उनीहरु त्यसै टोलमा उनीहरुले बनाएका निजी घरहरुको अवस्था हेर्न गए । चार वर्ष पहिले बनाएको अढाईतले घरको आँगनमा पुग्दा घरधनीले उनीहरुलाई अँगालो हालेर धन्यबाद दिए । भूकम्पीय सुरक्षा प्रविधि अपनाएर बनाइएको त्यो घरमा हिजोको भुईंचालोले केही पनि बिगारेको थिएन, कौसीमा राखिएको पानी ट्याङ्कीको फलामे स्ट्याण्डमात्र बाङ्गो भएछ । तर त्यो घरको ठिक अगाडी पोहर साल मात्र बनाइएको तर भूकम्पीय सुरक्षा प्रविधि नअपनाइएको घरको दक्षिणतर्फको गारो पूरै भत्किएको छ भने पूर्वतर्फ तल देखि माथिसम्म ठाडो गरी चर्केको छ । त्यस घरका घरधनी आफ्नो घरको हालत देखेर अहिले बिरामी नै परेका छन् रे ।

भाईचाहरु त्यस टोलमा आफूहरुले बनाएका अरु घरहरुको पनि अवस्था बुझ्न गए । उनीहरुलाई देखेर ती घरका घरधनी र परिवार खुसी भए र बलियो घर बनाइ दिएकोमा आभार व्यक्त गरे । ती घरहरुमा प्लास्टर चर्केको, रङ उप्किएको, झ्यालका ऐना फुटेको, पानी ट्याङ्की, सोलार प्यानलले ठाउँ छोडेको आदि जस्ता अति सामान्य क्षति बाहेक घरको संरचनामा कुनै क्षति भएको थिएन । यो देखेर भाईचा र उसका साथीहरुलाई साँच्चिकै ठूलो खुसी र सन्तोषको अनुभव भयो ।

ऋ

टोलहरु घुमेर फर्कने क्रममा भाईचा र साथीहरुले ठाउँ ठाउँमा मन्दिरहरु पनि भत्किएको, कुनै मन्दिरको गजुर खसेको, घर, परखाल भत्केर बाटोमा ईंटा, ढुङ्गा आदिको थुप्रो लागेर बाटो साँघुरो भएको देखे ।



## एक सातापछि

### जनमानस



लगातारको परकम्पले काठमाडौं उपत्यकाका बासिन्दाहरुलाई त्रसित बनाउन छोडेको छैन । यो एक साता मुख्यतः पालको जोहो गर्ने, भग्नावशेषमा पुरिएका जीवित वा मृतकलाई बाहिर निकाल्ने र राहत वितरण गर्ने काममा उपत्यका व्यस्त रह्यो ।

अहिलेसम्म संकलित तथ्यांङ्क अनुसार काठमाडौं उपत्यकामा भएको क्षतिको विवरण यस प्रकार छ - काठमाडौंमा मृतकको सङ्ख्या १,१४४, ललितपुरमा १७१ र भक्तपुरमा २६६ जना पुगेको छ भने देशका विभिन्न जिल्ला समेतमा गरी गत शनिवारको भूकम्पमा परी ज्यान गुमाउनेहरुको सङ्ख्या यो पहिलो सातासम्ममा ६,२६० पुगिसकेको गृह मन्त्रालयले जनाएको छ । यसैगरी भूकम्पले क्षति पुऱ्याएका उपत्यका लगायत विभिन्न जिल्लामा गरी घाइते हुनेहरुको सङ्ख्या १३, ९३२ पुगेको जनाइएको छ ।

भूकम्पले काठमाडौंको केन्द्रीय कारागार क्षतिग्रस्त हुँदा १६ जना कैदीबन्दीको मृत्यु र ९३ जना घाइते हुन पुगे ।

नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरीलगायत विदेशबाट आएका खोजी तथा उद्धार टोलीको अदम्य साहस र क्षमताका कारण कतिपय भूकम्पग्रस्त स्थानबाट जीवितै उद्धार गर्न सम्भव भएका केही घटना यो साता विशेष चर्चा र चासोको विषय बन्न गयो ।

यसमा विशेषतः भूकम्पले घर भत्काउँदा पुरिएको व्यक्तिलाई पाँच दिन पछि जीवितै उद्दार गर्न सशस्त्र प्रहरी बल सफल भएको घटना चर्चित रह्यो । गोगँबुस्थित एक गेष्ट हाउसमा कार्यरत १५ वर्षीय पेम्बा तामाङलाई सशस्त्र प्रहरी बलको अदम्य साहसबाट नयाँ जीवन प्राप्त भयो ।

यसैगरी भूकम्पका कारण भत्किएको घरमा पुरिएका २७ वर्षीय एक युवक ऋषि खनाललाई सशस्त्र प्रहरी बल र फ्रान्सको उद्धार टोलीको संयुक्त प्रयासबाट पुरिएको ८२ घण्टा पछि जीवितै उद्धार गरियो ।

यसैगरी पुरिएको ३६ घण्टापछि ४० वर्षिया माया सिटौलालाई भारतीय उद्धारटोलीले सकुशल उद्धार गऱ्यो ।

यस्तै नेपाली सेनाले फ्रान्स, नर्वे तथा इजरायलका उद्धार टोलीको समेत सहयोगमा कृष्णा देवी खड्कालाई पुरिएको छ दिन पछि सकुशल उद्धार गर्न सफल भयो ।

यस्तै विदेशी नागरिक जोन केइसीलाई पनि पुरिएको करिव ६० घण्टा पछि पनि जीवित उद्धार गर्न टर्कीको उद्धार टोली सफल भयो ।

भूकम्पका कारण एकै पटक धेरै लासहरु अन्तिम संस्कारका लागि ल्याइएकाले पशुपति आर्यघाटमा लास जलाउनका लागि धेरै समय पर्खनु पर्ने अवस्था देखियो । यो समस्या समाधान गर्न वागमतीको किनारमा थप चिताको व्यवस्था गरियो । शव जलाउन दाउराको अभाव नहोस् भनी वन विभागले पशुपति विकास कोष मार्फत दाउरा निःशुल्क उपलब्ध गरायो । यसैबीच ठूलो

## एक हप्तापछि

ञ

### स्वयम्सेवामा व्यस्त छ उसको परिवार

स्कुलमा आश्रय लिइरहेको भाईचाको परिवार भुईंचालोले कुनै क्षति नगरेको आफ्नै घरमा फर्किसकेको छ । भुईंचालोले क्षति नपुऱ्याएका घरहरु टोलमा थोरै मात्र छन् । भाईचाको आफ्नो घर र उसले बनाएका अन्य घर तथा स्कुल भवन आदिलाई भुईचालोले कुनै क्षति नगरेको कुरा टोल छिमेकमा अहिले चर्चाको विषय बनेको छ । ऊ आफ्ना सहकर्मी साथीहरुलाई लिएर विभिन्न टोलहरु घुम्नमा व्यस्त छ । यसरी घुम्नेक्रममा घर भत्किएर धेरै क्षति भएको देख्दा उनीहरुको मन नरमाइलो भईरहेको छ । धेरैजसो घरहरु ठिक तरिकाले नबनाइएकोले नै भत्किन गएको उनीहरुको ठम्याई छ । यदि ठिक तरिकाले बनाएको भए धेरै घर जोगिने मात्र होइन, मानिसहरुको ज्यान समेत जोगिने रहेछ भन्ने पनि उनीहरुले स्पष्ट अनुभव गरिरहेका छन् । घर भत्किएकै कारणले मानिसहरु धेरै मरेको, घाइते भएको अनुभव भाईचाले पहिलाको भुईंचालोमा पनि गरेको थियो, जसमा उसको घर र ससुराली घर भत्कदा आफ्नो बाबु र पत्नी सधैंका लागि गुमाएको थियो भने छोरो सख्त घाइते भएको थियो । यसपालीको भुईंचालोमा उसको आफ्नै परिवारमा कुनै ठुलो क्षति नभए पनि टोल छिमेकमा भएको क्षति देख्दा उसले पहिले आफुले भोगीसकेको पीडा अहिले सम्झिरहेको छ ।

परकम्प आउने क्रम जारी नै छ । त्यसैले मानिसहरु डराउन छोडेका छैनन् । त्यसमाथि अझ ठुलो भुईंचालो आउँदै छ भनेर बेलाबेलामा चल्ने गरेको हल्लाले मानिसहरुलाई अत्याई रहेको छ । अस्थाई आश्रयस्थलहरुमा भीडभाड नै छ । कतिपय कहिले आफ्नो

भूकम्प जस्तो महाविपत्तिका कारण धेरै जनाले ज्यान गुमाउनु परेको विशेष परिस्थितिमा मृतकका परिवारले काजक्रिया छोट्याउनु र सामुहिक दाहसंस्कार गर्नु समेत शास्त्रसम्मत हुने धारणा पञ्चाङ्ग निर्णायक समितिका अध्यक्ष प्रा.डा. रामचन्द्र गौतम, ज्योतिष पं. माधव सापकोटा लगायतद्वारा आमसञ्चार माध्यम मार्फत सार्वजनिक भयो । परिस्थितिको प्रतिकूलतालाई दृष्टिगत गरी कतिपय मृतकका सन्तानले १३ दिनको सट्टा पाँच दिनमा क्रियाकर्म सम्पन्न गरे भने विभिन्न स्थानबाट प्राप्त भएका केही वेवारिस शबहरुको सामुहिक दाहसंस्कार पनि गरियो । सरकारले मृतकका परिवारलाई प्रति मृतक रु.४० हजार, घर पूर्ण क्षति भएका परिवारलाई रु पाँच हजार, घर आँशिक क्षति भएका परिवारलाई रु तीन हजार राहत अनुदान



दिने र भूकम्प पीडित परिवारलाई खाद्यान्न उपलब्ध गराउने निर्णय गरिसकेको छ ।

यसैबीच “१० रेक्टरको भूकम्प आउँदै छ, घरभित्र नबसौं” भनेर छैठौं दिन हल्ला गर्दै हिंड्ने र माइकिङ समेत समेत गर्ने केही व्यक्तिलाई प्रहरीले उपत्यकाका विभिन्न स्थानबाट नियन्त्रणमा लियो । “त्यस्तो हल्ला निराधार र जनमानसलाई अत्याउने अपराधिक कार्य मात्र हो” भनेर एनसेटले रेडियो नेपाल लगायतका आसञ्चार माध्यमलाई जानकारी गरायो । फलस्वरुप त्यस्ता व्यक्तिलाई तत्काल कारवाही गरियोस भन्ने माग गर्दै सामाजिक सञ्जालमा प्रतिक्रियाको ओइरो लाग्यो भने प्रहरी पनि तुरुन्तै सक्रि भयो । हल्ला गर्नेहरु तत्कालै पक्राउ परेको समाचार पनि सार्वजनिक भएपछि जनमानस आस्वस्त भएको थियो ।

सातौं दिनको राति करिव १ वजे दोलखा केन्द्रविन्दु र विहानपख करिव ३ बजे काठमाडौं केन्द्रविन्दु भएको  दुई परकम्प महसुस गरियो । यो एकसाताभित्र चार म्याग्निच्युड भन्दा माथिका ११८ परकम्प गए । गोरखा जिल्लाको बारपाक नामक स्थानमा केन्द्रविन्दु रहेकोले बैशाख १२ गतेको विनाशकारी भूकम्पलाई ‘गोरखा भूकम्प’ नामाकरण गर्ने औपचारिक निर्णय भएको छ ।

## राहत सङ्कलन तथा वितरण

भूकम्पले त्रसित बनाएको यो साता पीडितहरुका लागि राहत सामग्री संकलन गर्ने र वितरण गर्ने कार्य तीब्र गतिमा भयो । विशेष गरी खाद्यान्न, पिउने पानी, पाल-त्रिपाल आदि सङ्कलन गरी पीडितहरु रहेका अस्थायी शिविर वा बसोबासस्थलमा वितरण गर्ने कार्य भईरहेका छन् । यसमा विशेषगरी सामाजिक संघसंस्था, गैरसरकारी संस्था, पेशागत संगठन, राजनीतिक पार्टीका भातृ संगठन, संगठित तथा असंगठित स्वयम्सेवीहरु देखि परिवार वा व्यक्ति विशेषसमेत सक्रिय रहे ।

तर समन्वयको अभावले राहत वितरण कार्यमा भने धेरै समस्या देखिए । सरकारले एकद्वार प्रणालीमा जोड दिए पनि राहत सामग्री संकलन र संकलित सामग्री सन्तुलित रुपमा वितरण हुन सकेको छैन । कतिपय स्थानमा राहतको थुप्रो लागेको छ भने कहीं अलिकति पनि पुग्दै नपुगेका गुनासो धेरै सुनिए, देखिए । राहत वितरण गर्ने सहयोगीहरु विशेषगरी मोटर जाने ठाउँसम्म मात्र पुग्ने गरेकाले ती ठाउँमा राहत सामग्री ओइरो लागेको तर मोटर पुग्न नसक्ने ठाउँका भूकम्प पीडितहरु भने राहतको पर्खाइमा भोकभोकै बस्नु परेका गुनासोहरु व्यापक मात्रामा आइरहेका छन् । मोटर बाटो भएका तर शहरी क्षेत्रभन्दा केही बाहिरका स्थानमा समेत राहत पुऱ्याउन तदारुकता देखाइएन । घर भत्किएको वा धराप बनेको कारण घरभित्र रहेको खाद्यान्न बाहिर निकाल्न नसकेका स्थानीयबासीहरु आफुसम्म राहत आईनपुग्दा भोकभोकै बस्नु परेको गुनासो गर्न थालेका छन् । जस्तै ४० घर ध्वस्त भएको र चार जनाको मृत्यु समेत भएको ललितपुर जिल्लाको थेचो गाउँमा भूकम्प गएको चौथो दिनसम्म पनि कुनै राहत पुग्न नसकेको गुनासो आमसञ्चार माध्यमहरुबाट सार्वजनिक भएको पाइयो । यस्तै ललितपुरकै इमाडोल, टीकाथली, सिद्धीपुर, लुभु, लामाटार, नल्लु, चौघरे, माल्टा, भट्टे डाँडा आदि ग्रामीण इलाकामा पनि घर छोडेर खेतबारी वा चौरमा बसेका सयौं पीडित परिवारसमक्ष राहत सामग्री नपुग्दा विशेषगरी बालबालिका, बृद्धबृद्धा, अपाङ्ग, बिरामी र सुत्केरीले बढी सास्ती बेहोर्नु पऱ्यो ।

यसैगरी भक्तपुरको ताथली, सौडेल, चित्तपोल, वागेश्वरी, नगरकोट, छालिङ, चाँगु, सिरुटारमा पनि खाद्यान्न, पाल लगायत अत्यावश्यक राहत सामग्रीको ठुलो हाहाकार हुन गयो ।



काठमाडौंको नाङ्लेभारेमा भूकम्प गएको पाँचौ दिनमा मात्र राहत सामग्री पुऱ्याइयो भने जहरसिंह पौवा, पालुबारी, आलापोट, सानागाउँ, घुमारी, दहचोक, काभ्रेस्थली, फ्कोर लगायतका ग्रामीण भेगका पीडित जनताले राहतको अभावमा आहत बन्नु पऱ्यो ।

राहत सामग्री वितरण भएका स्थानहरुमा चाउचाउ र बिस्कुट अत्यधिक मात्रामा वितरण भएको पाइयो भने मोटरको पहुँच पुगेका स्थानमा अत्यधिक सामग्री संकलन् गरेर राख्ने प्रवृत्ति पनि व्यापक देखियो । अर्कोतर्फ कतिपय ठाउँमा 'हामीलाई खानेकुरा चाँहिदैन, पाल देउ ' भनेर पीडितहरुले जोडदार आवाज उठाइ रहेको पनि सुनियो ।

राहत संकलन तथा वितरणका लागि उपयुक्त पद्धति र प्रक्रिया स्थापित गर्न गराउन नसक्दा धेरै समस्या आयो । सरकारले जोड दिएको 'एकद्वार प्रणाली' समन्वय र पद्धतिको अभावमा प्रभावकारी रुपमा कार्यान्वयन हुन नसकेको र झन् त्यसले अन्यौल बढाएको महसुस भयो । यसले गर्दा पीडितहरु आक्रोशित, दाताहरु असन्तुष्ट र स्वयम्सेवकहरु अन्यौलमा रहेका देखिए । यद्यपि राहत संकलन र वितरणमा सक्रिय रहेका सरकारी, गैरसरकारी, निजी क्षेत्र, समुदाय र व्यक्ति विशेषले समेत पनि सराहनीय भूमिका खेलेका छन् । तर यसैबीच केहीले भने पीडितहरु प्रति मानवीय सहयोग गर्ने पवित्र भावनाले भन्दा आत्मप्रचारका लागि मात्र राहत वितरण कार्यमा सरिक भएको पनि देखियो । पीडितलाई स्वच्छ भावले सहयोग गर्ने भन्दा राहत सामग्री हस्तान्तरण गरेको फोटो खिचाएर आत्मप्रचार गर्ने प्रवृत्ति पनि कतिपय स्थानमा देखिए ।

## प्रमुख चुनौती – भग्नावशेष

अहिले देखिएको एक प्रमुख चुनौती भनेको भूकम्पग्रस्त क्षेत्रमा भग्नावशेषलाई सुरक्षित तवरले हटाउनु हो । काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाका विभिन्न स्थानमा भूकम्पले भत्काएका निजी घर, मन्दिर, विद्यालय भवन आदिमा धरापको रुपमा रहेका भग्नावशेष र बाटो छेउमा थुप्रिएका ईटा, ढुङ्गा, माटो, कंक्रिट आदिको थुप्रो अझै हटाउन सकिएको छैन । यसले गर्दा असुविधा मात्र होइन दुर्घटनाको जोखिम पनि बढ्न गएको देखिन्छ ।

समयमै भग्नावशेषको उचित व्यवस्थापन नहुँदा क्षतिग्रस्त ऐतिहासिक तथा पुरातात्विक महत्वका सम्पदास्थलबाट व्यक्ति विशेषले पुराना ईंटा, ढुङ्गा, काठ आदि लिएर जाने प्रवृत्ति व्यापक रुपमा देखिएको छ । विशेषगरी धरहरा, काष्ठमण्डप, नौतले दरबार, पाटन दरबार, भक्तपुर दरबार क्षेत्र आदिबाट त्यस्ता बस्तुहरु लगिएका छन् । सरकारी निकायबाट ती बस्तुको सुरक्षाका लागि खाशै प्रबन्ध केही नभएपछि कतिपय सम्पदास्थलहरुमा स्थानीय बासिन्दा र संरक्षणकर्मीहरु सक्रिय भई त्यस्ता सामग्रीहरुको पहरेदारी गर्न जुटे । त्यसपछि यस्तो प्रवृत्तिमा निकै कमी आयो ।

## यातायातको अवस्था

ठूलो भूकम्प आएको भए पनि काठमाडौं उपत्यकालाई बाहिरी जिल्लासँग जोडने पृथ्वी राजमार्ग, त्रिभुवन राजपथ, अरनिको राजमार्ग र पासाङल्हामु मार्ग आदि गम्भीर क्षति हुनबाट बचेकाले धेरै सजिलो भएको छ । उपत्यकाका



घर फर्किन पाइएला भन्ने सोचमा छन् भने घर भत्किएर पुन:निर्माण नै गर्नुपर्ने अवस्थामा पुगेकाहरु निकै चिन्तित छन् । डेरा गरेर बसेकाहरु झन् ठूलो मारमा परेका छन् । त्यसैले कैयौं त उपत्यका छोडेर केही दिनका लागि आफ्नै घरतर्फ समेत लागेका छन् । एक सातासम्म सबै शिक्षण संस्थाहरु बन्द गर्ने सरकारी सूचना भएतापनि एक साता पछि पनि ती सञ्चालनमा आउन सक्ने स्थिति भएन । अधिकाँश विद्यालय अस्थायी आश्रयस्थलमा परिणत भएका छन् । यो अवस्था कतिन्जेल रहला अहिले केही भन्न सकिदैन ।

ट

विगतमा भुईंचालोबाट ठूलो मार खेपेको भाईचाले आफ्नो घर परिवारलाई भुईंचालो प्रति सजग गराएको थियो । घर बलियो नभएसम्म कोही पनि भुईचालोबाट सुरक्षित रहन सक्दो रहेनछ भन्ने पाठ सिकेर नै उसले आफ्नो छोरालाई एसएलसी उत्तीर्ण गरेपछि इन्जिनियरिङ विषय पढन प्रेरित गरेको थियो । फलस्वरुप उसको छोरा भूकम्प प्रतिरोधी निर्माण प्रविधि सम्बन्धी एक कुशल इन्जिनीयर बनेको छ । अहिले ऊ अत्यन्त व्यस्त छ । भुईंचालो आएको लगत्तै देखि उद्धार कार्यकासाथै भत्किएका घर, स्कुल,मन्दिर आदिमा भएको क्षतिको विवरण संकलन गर्ने, बस्न सुरक्षित र असुरक्षित घर छुट्याउने लगायतका

सडक र पुलहरुमा भूकम्पले ठूलो क्षति नगरेकोले सवारी आवागमन अबरुद्ध भएको छैन । परकम्प जारी नै रहेकाले उपत्यका छोडेर बाहिर जान चाहने मानिसहरु धेरै छन् । तर छोटो तथा लामो दूरीका सार्वजनिक सवारी साधन चल्न सकेका छैनन् । विभिन्न जिल्लामा स्थायी बसोबास भई उपत्यकामा कार्यरत यातायात मजदुरका परिवारहरु भूकम्पबाट पीडित भएकाले ती मजदुरहरु घर गएका कारण यातायात सञ्चालन गरिदिने जनशक्तिको अभाव भएको छ भने सार्वजनिक यातायातका धनीहरु पनि असुरक्षा महसुस गरी आफ्ना गाडीलाई ग्यारेजबाट बाहिर निकाल्न इच्छुक देखिदैनन् । परिस्थितिको आवश्यकतालाई ध्यानमा राखी नेपाली सेना, सशस्त्र प्रहरी बल, केही निजी आवासीय विद्यालयहरुले काठमाडौं उपत्यकाबाट बाहिर जान चाहने यात्रुहरुलाई आफ्नो बस उपलब्ध गराए । भारत सरकारले काठमाडौं उपत्यकामा रहेका आफ्ना नागरिकलाई भारत फर्काउन गड्डा चौकी नाकाबाट २९ वटा सवारी साधन काठमाडौंतर्फ पठायो । यसैबीच मुग्लिङ - नारायणघाट सडकको जलबिरेमा पहिरो गएकोले केही दिन यातायात अबरुद्ध हुन पुग्यो ।

गर्मीको मौसम छ । केही दिन अघि पानी परे पनि अहिले परेको छैन । त्यसैले पाल र टहरा आदिमा अस्थायी बसोबास गरिरहेका भूकम्प पीडितहरुलाई केही सजिलो भएको छ , वर्षात वा जाडोको मौसम भएको भए निकै कठिनाई हुने थियो ।

एक साता अघिको भूकम्पले काठमाडौं उपत्यका बाहिरका केही जिल्लाहरुमा व्यापक क्षति गरेको समाचारहरु आमसञ्चार माध्यमहरुबाट आईरहेका छन् । विशेष गरी सिन्धुपाल्चोक, दोलखा, गोरखा, नुवाकोट, रसुवा, धादिङ,काभ्रे, रामेछाप, मकवानपुर आदि जिल्लामा जनधनको व्यापक क्षति भएका जानकारीहरु प्राप्त भईरहेका छन् ।

## शिक्षण संस्था

काठमाडौं उपत्यकाभित्रका कार्यालयहरुमा जेनतेन काम भए पनि शिक्षण संस्थाहरु एक महिनाका लागि बन्द गरिएका छन् । यस अघि सात दिनका लागि शिक्षण संस्था बन्द गर्ने निर्णय गरिएको भएता पनि पठन- पाठन कार्य शुरु गर्न सकिने स्थिति नभएकाले शिक्षण संस्थाहरु पुनसञ्चालनमा आउन सकेका छैनन् । विद्यालय भवनहरु भूकम्पबाट नराम्ररी क्षतिग्रस्त भएका छन् । भूकम्पको जोखिम्लाई ध्यानमा राखी पहिले नै पुनःसबलीकरण (रेट्रोफिट) गरिएका विद्यालय भवनहरु भने क्षति हुनबाट बचेका छन् । अतः ती विद्यालय भवनहरुमा अहिले भूकम्प पीडितहरुले आश्रय लिइरहेका छन् । यस कारणले गर्दा पनि पठन-पाठन कार्य हुन सकेको छैन भने कतिपय विद्यालय भवनमा कक्षा सञ्चालन गर्न नहुने गरी क्षति भएको छ । परकम्प अझै नरोकिएको र त्राश एवम् अस्तव्यस्तता कायमै रहेकोले विद्यार्थीहरु कक्षामा गई पढ्न सक्ने मनस्थितिमा पनि छैनन् ।

## बजारको अवस्था

आपूर्ति अवरुद्ध नभए पनि काठमाडौं उपत्यकाका बजार सामान्य अवस्थामा अझै आइसकेको छैन । कृत्रिम अभाव सिर्जना गरी परिस्थितिको नाजायज फाइदा लिन खोज्ने तत्वहरु सक्रिय देखिएका छन् । दैनिक उपभोग्य बस्तुहरुमा दूधको

कामममा उसको कार्यालयका सहकर्मीहरु सहित ऊ काठमाडौं उपत्यकाभित्रका विभिन्न स्थानमा व्यस्त रहेको छ । भाईचाको छोरी र बुहारी भूकम्प पीडित महिला, बालबालिका, बृद्ध आदिलाई हेरविचार गर्ने र राहत सामग्री वितरण गर्ने काममा जुटेका छन् भने भाईचा र उसका साथीहरु भत्किएको मन्दिर, स्कुल आदिबाट भग्नावशेष हटाउने काममा स्वयम् सेवा गर्न व्यस्त छन् । यसपालीको भुईंचालोबाट भाईचाको परिवारलाई प्रत्यक्ष रुपमा कुनै क्षति नभएकोले उनीहरु यसरी स्वयम् सेवामा जुट्न सम्भव भएको हो ।

तर अरु धेरै परिवारको स्थिति अत्यन्तै नाजुक छ । भाईचाका कतिपय छिमेकीहरु आफ्नो घर भत्किएको वा क्षतिग्रस्त भएकोले पाल वा अस्थाई टहरामा बस्न बाध्य छन् । उनीहरुलाई खानपिन देखि सबै कुरामा असहज भईरहेको छ । विशेषगरी बालबालिका,महिला, गर्भवती, सुत्केरी, बृद्ध, बिरामी, अशक्तहरुले ज्यादै कष्ट भोग्नु परिरहेको देख्दा भाईचा र उसको परिवारले आफू सुरक्षित रहेकोमा कुनै खुसी मान्न सकिरहेका छैनन् । त्यसमाथि भुईंचालोमा परेर उनीहरुका कतिपय चिरपरिचित छिमेकी, नातेदार, इष्टमित्रहरुको मृत्यु भएको, कसैको घर पूरै भत्किएको खबरले उनीहरुलाई पीरोलिरहेको छ । त्यसैले उनीहरु भुईंचालोबाट पीडित हुन पुगेकाहरुलाई आफुले सकेको सहयोग गर्ने काममा नै तल्लिन रहेका छन् ।

ठ



आपूर्तिमा समस्या देखिएको छैन भने सबैभन्दा समस्या खाना पकाउने एपली ग्यासको अभावबाट भएको छ। ग्यासको आपूर्तीमा भन्दा पनि वितरणमा समस्या देखिएको छ। उपभोक्ताहरुमा पनि पछि नपाइएला भनेर अनेकौं उपाय गरी दैनिक उपभोग्य बस्तुहरु जम्मा गर्ने प्रवृत्ति देखिएको छ।

## अस्पताल

भूकम्पका कारण घाइते भई अस्पताल आउनेहरुको संख्या अहिले केही घटेको छ। पहिले आएर उपचार गराइरहेका घाइतेहरु स्वास्थ्यलाभ गरी घर फर्कने क्रम जारी छ। तर कतिपय विरामीहरु निको भईसकेपछि पनि अस्पतालबाट घर फर्कन नमानेका कारण समस्या भएको छ। भूकम्पका कारण घर पूरै भत्केका, बस्नै नहुने गरी क्षतिग्रस्त भएका र भूकम्प अघि भाडामा बसेको कोठा भूकम्प पछि घरधनीले आफैले उपभोग गर्न थालेका कारण बस्ने ठाउँ नपाएका घाइते डेरावालहरु अस्पतालबाट फर्किन नमानेका पाइएको छ। यसले गर्दा अस्पतालमा नयाँ विरामी भर्ना गर्न समस्या भईरहेको देखिएको छ। काठमाडौं उपत्यकाभित्रका सबैजसो ठूला साना अस्पताल पूर्ण क्षमतामा भन्दा पनि अझ थप क्षमतामा चलेका साथै विदेशबाट आएका चिकित्सा टोलीहरुले समेत घाइतेका लागि सेवा दिइरहेकाले भूकम्पका कारण बिरामी वा घाइते भएकाहरुको उपचारमा खासै ठूलो समस्या नपर्नु एक सन्तोषको विषय बन्न गएको छ। इजरायलबाट आएको चिकित्सा टोलीले छाउनीमा ठूलै क्षमताको अस्थायी अस्पताल खडा गरी धेरै घाइतेहरुलाई उत्कृष्ट सेवा दिइरहेको पाइएको छ। विभिन्न देशका गरी १२७ संस्थाका करिव १५० आकस्मिक चिकित्सा टोली नेपाल भित्रिएका छन्।

ठूलो भूकम्प र निरन्तरको परकम्पका कारण मनोवैज्ञानिक असर परेका विरामीहरु विशेष गरी महिला र केटाकेटीहरुको सङ्ख्या बढिरहेको छ। तसर्थ कतिपय शिविरहरु, सामाजिक संघसंस्था र विद्यालयहरुमा समेत मनो-सामाजिक परामर्श कार्यक्रमहरु सञ्चालन भईरहेका देखिन्छन्।



## आमसञ्चार

भूकम्प गएकै दिनदेखि सम्पर्कविहीन भएका खेलकुद पत्रकार सुमन बम्जनको शव काठमाडौंको महाबौद्धस्थित एक घरको भग्नावशेषमा पुरिएर रहेको अवस्थामा उद्धारकर्मीहरुले फेला पारे। त्यो उनले डेरा लिएर बसेको घर थियो। यस्तै हाल काम विशेषले काठमाडौंमा रहेका नेपालगञ्ज दैनिकका पत्रकार अच्यूतराज सुवेदीले पनि भूकम्पमा परी ज्यान गुमाउन पुगे।

भूकम्पले धेरै ठूलो प्रभाव पारे पनि उपत्यकाका प्रमुख आमसञ्चार माध्यमहरुले विभिन्न चुनौती र अप्ठ्याराहरुको सामना गर्दै आफ्नो धर्म निर्वाह गरिरहेका छन्। यद्यपि सानो आकारका दर्जनौं दैनिक र साप्ताहिक पत्रपत्रिका भने यो साता नियमित हुन सकेनन्। केहीले पृष्ठ र प्रति घटाएर छापेका छन्।

कान्तिपुर टेलिभिजनको तीनकुने स्थित भवन पुरै क्षतिग्रस्त भएकोले खुला स्थानबाट स्टुडियो सञ्चालन गरिएको छ।

मुख्यत रेडियो नेपालले भूकम्प आएको पहिलो दिन देखि नै अझसम्म २४ सै घण्टा निरन्तर प्रसारण गरिरहेको छ। उसको प्रसारण भूकम्पले ठाउँ ठाउँमा पारेको प्रभाव, पीडितका गुनासो, सरकारी निकायहरुका भनाई आदिमा केन्द्रित छ। उपत्यकाका एफएमहरुले पनि अनेकौं समस्या झेलेर भए पनि आफ्नो प्रसारणलाई जेनतेन निरन्तरता दिइरहेका छन्। टेलिभिजन च्यानलहरु पनि बन्द भएका छैनन्। कार्यस्थल क्षतिग्रस्त भएतापनि खुला ठाउँमा आएर प्रसारणलाई निरन्तरता दिइएको छ। नेपाली सेनाको मातहतमा रहेको टुँडिखेललाई पनि आमसञ्चार माध्यमले प्रयोग गरेका छन्। अनलाइन माध्यमहरु छिनछिनको अद्यावधिक जानकारी सम्प्रेषण गर्न व्यस्त रहेका छन्।

मुख्यत यस्तो ठूलो विपद्को अवस्थामा पनि आफ्नो कामलाई कसरी सुचारु राख्न सकिन्छ भन्नेबारे कुनै पनि आमसञ्चार माध्यममा पूर्वतयारी नगरिएको, अप्ठ्यारो अवस्थामा प्रयोग गर्ने वैकल्पिक उपायहरुको व्यवस्थापन नभएको र आफ्ना जनशक्तिलाई त्यस्तो जटिल अवस्थामा पनि काम गर्न सक्षम हुने गरी तालिम आदि दिने परिपाटी नरहेकोले आमसञ्चार माध्यमले बढी कठिनाई भोग्नु परेको देखियो।

नेपालको ठूलो भूकम्पबारे समाचार सम्प्रेषण गर्न विदेशी सञ्चार माध्यमहरुको ओइरो लागेको छ। उनीहरुको चहलपहल काठमाडौं उपत्यकालगायत

भूकम्पग्रस्त अन्य जिल्लाहरुमा पनि फैलिएको छ । उनीहरुलाई समन्वय र व्यवस्थापन गर्न सरकारका सम्बन्धित निकायहरुलाई केही कठिनाई भएको छ ।

यो साताभरी नै नेपालको भूकम्प र त्यसले पारेका गम्भीर असरका समाचार र दृष्यहरु अन्तर्राष्ट्रिय मिडियामा छाई रहे । केही विदेशी विशेषगरी भारतीय निजी टेलिभिजन च्यानलहरुले पत्रकारिताको मूल्य र मान्यताभन्दा बाहिर गई विशेषगरी पीडितहरुको उपहास गर्ने, अनावश्यक टीकाटिप्पणी गर्ने, भूकम्पका कारण सिर्जित अति संवेदनशील परिस्थिती अनुकूल नहुने किसिमका सामग्री सम्प्रेषण गरेकाले जनस्तरबाट तिनको आलोचना पनि भईरहेको छ । खासगरी सामाजिक सन्जालहरुमा त्यस्ता विदेशी मिडियाहरुप्रति आक्रोश पोखिएका अभिव्यक्ति देखिन्छन् ।

## खोजी तथा उद्धारका लागि आएका विदेशी टोली

ठूलो भूकम्पको चपेटामा परेका मानिसहरुको खोजी तथा उद्धारका लागि विभिन्न मित्र राष्ट्रहरुबाट उद्धार टोलीहरु आउने क्रम जारी छ । भारत, चीन, पाकिस्तान, जापान, अल्जेरिया, अष्ट्रेलिया, बेल्जियम, क्यानाडा, फ्रान्स, जर्मनी, हङ्गेरी, इजरायल, मलेसिया, मेक्सिको, निदरल्याण्डस्, नर्वे, ओमान, फिलिपिन्स, पोल्याण्ड, रसिया, दक्षिण कोरिया, सिंगापुर, स्पेन, स्विडेन, स्विट्जरल्याण्ड, थाइल्याण्ड, टर्की, सँयुक्त राज्य अमेरिका, युएई, बेलायत आदि देशबाट आएका टोलीहरु खोजी तथा उद्धार कार्यमा व्यस्त रहेका छन् । ती टोलीहरु विशेष गरी धेरै घर भत्किएका क्षेत्रहरु जस्तै गोंगबु, बसुन्धरा, सीतापाइला, सुन्धारा, कपन, बल्खु, विजयेश्वरी, तिलगंगा, धोबीघाट लगायत ललितपुर र भक्तपुर नगरभित्रका भूकम्पग्रस्त क्षेत्रमा खटिएका छन् । यी टोलीहरु पुरिएको ठाउँबाट १९ जनालाई जीवितै उद्धार गर्न सफल भए भने १४९ वटा शवलाई पुरिएको ठाउँबाट निकाले । घाइतेहरुको उपचारमा संलग्न विदेशी चिकित्सक टोलीहरुले यो एक साताभित्र उपत्यकाका विभिन्न स्थानमा गरी करिव १,२०० जनाको निःशुल्क उपचार गरे ।

## एक महिनापछि

उपत्यका वासीहरुको दैनिक जीवन विस्तार सामान्य हुँदैछ । भूकम्पले क्षति नपुऱ्याएका घरका मानिसहरु घरभित्रै बस्न, सुत्न थालेका छन् । तर घर भत्केका मानिसहरु भने अझै पनि अस्थाई टहरा, पाल, त्रिपाल आदिमा आश्रय लिइरहेका छन् । सार्वजनिक खुला चौरमा आश्रय लिनेहरुको चाप अहिले धेरै घटिसकेको छ । परकम्पको क्रम अझै रोकिएको छैन । वैशाख २९ गते दिउँसो १२.५० बजे दोलखा केन्द्रविन्दु भई आएको ६.८ म्याग्निच्युड र त्यसको लगत्तै ३१ मिनेट पछि अर्थात् १३.२१ बजे पनि दोलखा नै केन्द्रविन्दु रहेको ६.२ म्याग्निच्युडको परकम्प र त्यसपछि पनि हरेक दिन कुनै न कुनै बेला ४ म्याग्निच्युड वा सोभन्दा माथिको परकम्प आई नै रहेकाले मानिसहरुलाई अत्याएको छ । यसलेगर्दा उनीहरु ढुक्क हुन सकिरहेका छैनन् । यो एक महिनाको अवधिमा उपत्यकावासीहरुले स्पष्ट महसुस हुने किसिमका (४ म्याग्निच्युड वा सोभन्दा माथिका) परकम्प २७२ पटक अनुभव गरे । वैशाख १२ गते नभत्के पनि चर्केका वा क्षति पुगेका कतिपय संरचनाहरु वैशाख २९ गतेको शक्तिशाली परकम्पबाट ढल्न पुगे ।

वैशाख १२ र २९ गतेको भूकम्पका कारण देशका विभिन्न जिल्लामा गरी ८ हजार ९७० जनाको मृत्यु र २२ हजार ३०२ जना गम्भीर घाइते भए । मृत्यु हुनेमध्ये ८० जना विदेशी नागरिक छन् । उपत्यकाभित्र मृत्यु हुनेहरुको संख्या १ हजार ७५० र गम्भीर घाइतेको सङ्ख्या १३ हजार १०२ रह्यो ।

उपत्यकामा मृत्यु हुने मध्ये काठमाडौं जिल्लामा १ हजार २३६ जना, ललितपुरमा १८१ भक्तपुरमा ३३३ जना छन् । भूकम्पग्रस्त जिल्लाहरु मध्ये सबैभन्दा बढी मृत्यु सिन्धुपाल्चोक जिल्लामा ( ३ हजार ५७३ ) र सबैभन्दा बढि घाइते काठमाडौं जिल्लामा (७ हजार ९५०) भए भने ललितपुरमा ३ हजार ५१ र भक्तपुरमा २ हजार १०१ जना घाइते भए । भूकम्पबाट मृत्यु हुनेहरुमा ५६








प्रतिशत महिला र ४४ प्रतिशत पुरुष रहेका छन् ।

भूकम्पमा परी १९५ जना वेपत्ता भए । जसमध्ये सबैभन्दा बढि रसुवा जिल्लाको लाङटाङ् क्षेत्रमा हराएको थाहा भएको छ । रसुवा जिल्लाबाट मात्र हराउनेको सङ्ख्या १३९ छ । काठमाडौं जिल्लामा पनि भूकम्प पछि १२ जना अहिलेसम्म कतै कुनै सम्पर्कमा नआएको अभिलेख रहेको छ भने ललितपुर र भक्तपुर जिल्लाबाट कोही पनि हराएको अभिलेख छैन ।

विशेष गरी कमजोर भूभाग, पुरुवा माटो, भिरालो डाँडा, नदी किनार जस्ता जोखिमयुक्त स्थानमा बनाइएका घरहरु क्षतिग्रस्त भएका छन् । यसैगरी भवन संहिता पालना नगरिएका, सुरक्षाभन्दा निर्माण लागत घटाउनमा बढी जोड दिएर बनाइएका, घरधनी आफू नबस्ने भाडामा लगाउने नाफामुखी सोचले मात्र बनाइएका, धेरै पुरानो भई पहिले नै जोखिममा परिसकेका, साँघुरो जगमा अस्वभाविक रुपमा अग्लो कोठा थपिएका, ढुङ्गा, माटोको भरमा मात्र बनाइएका, विधिवत् नक्सापास नगरिकन वा मोलाहिजामा नक्सापासको औपचारिकता मात्र पूरा गरी बनाइएका अधिकाँश घरहरु भूकम्पको चपेटामा परेका छन् ।

अहिलेसम्म संकलित प्रारम्भिक विवरण अनुसार भूकम्पका कारण देशका विभिन्न जिल्लामा गरी कुल ७ लाख ५५ हजार ५४९ निजी घरमा क्षति पुगेको छ । ती मध्ये ४ लाख ९८ हजार ८५२ घर पूर्ण क्षतिग्रस्त भएका छन् भने २ लाख ५६ हजार ६९७ घरहरु आँशिक क्षति भएका छन् । काठमाडौं उपत्यकाभित्र मात्र कूल एक लाख २ हजार ७०१ घर पूर्ण क्षतिग्रस्त भएका छन् । ती मध्ये काठमाडौं जिल्लामा ४५ हजार १३७, ललितपुरमा २९ हजार ५६ र भक्तपुरमा २८ हजार ५०८ घर छन् ।

विसं १९९० को जस्तो महाभूकम्प आयो भने काठमाडौं उपत्यकामा मात्र ४० हजारको मृत्यु र ९५ हजार सख्त घाइते हुन सक्नेछन् भनी गरिएको पूर्वानुमान सरहकै क्षति नभएकोमा अहिले सबैले सन्तोष मानेका छन् । यसो हुनुमा तीन कारण मुख्य रहेको भन्ने सर्वसाधारणको विश्लेषण छ । पहिलो, ९० सालभन्दा पछि आएका भूकम्पहरु भन्दा यसपालिको भूकम्प ठूलो त हो तर ९० साल जत्तिकै (८.३ म्याग्निच्युड) शक्तिशाली भने होइन । दोस्रो, सार्वजनिक विदाको दिन मध्यान्हको समयमा भूकम्प आएकोले धेरै मानवीय क्षति हुन पाएन । यदि विदा नपरेको दिन वा रातको समयमा भूकम्प आईदिएको भए धेरै मानवीय क्षति हुने अवश्यम्भावी थियो । तेस्रो, ९० सालको दाँजोमा काठमाडौं उपत्यकामा अहिले पक्की घर, सडक, पुल आदि संरचनाको सङ्ख्या बढेकोले पनि ती संरचना यसपालिको

## एक महिनापछि

### राहत वितरणमा पीडितहरुको गुनासो

ङ

भुईचालो गएको एक महिना भईसक्दा पनि परकम्पले हल्लाउन छोडेको छैन । एक महिना देखि हरेक दिन दुईचार पटक हल्लाउने गरेकाले मानिसहरु परकम्पसँग एक प्रकारले अभ्यस्त भईसके । तर फेरि ठुलै परकम्प आउने होकि भन्ने चिन्ताले छोडेको पनि छैन । पुन:निर्माणको काम कतै सुरु भएको छैन । त्यसैले भाईचालाई फुर्सद नै छ । ऊ आफ्नो टोल र नजिकका विभिन्न स्थानमा गई पीडितहरुसँग भलाकुसारी गर्ने, सकेको सहयोग गर्ने, ठाउँठाउँमा थुप्रिएका भग्नावशेषहरु पन्छाउन मद्दत गर्ने, राहत सामग्री वितरण भएको ठाउँमा रेखदेख गर्ने आदि काममा जुट्ने गरेको छ । तर उसको छोरालाई भने परिवारसँग राम्ररी कुराकानी गर्ने पनि



फुर्सद छैन । भुईंचालोले गरेको क्षतिको लेखाजोख गर्ने, विभिन्न वैठकमा भाग लिने, युवा इन्जिनियरहरुलाई क्षतिको लेखाजोखा गर्ने कार्यशैलीबारे जानकारी दिने आदि काममा ऊ व्यस्त रहेको छ ।

भाईचाका छोरी र बुहारी पनि भूकम्प पीडितहरुलाई सहयोग गर्ने काममा सँलग्न रहेका छन् । टोलका अन्य युवाहरुसँगै उनीहरु पनि खाद्यान्न, लत्ताकपडा आदि

भूकम्पमा क्षतिग्रस्त हुनबाट जोगिएकाले मानवीय क्षति कम हुन गएको हो । यद्यपि भवन संहिताको पूर्ण पालना र भूकम्पीय सुरक्षाप्रति व्यापक सचेतना अपनाइदै आएको भए जनधनको क्षति अझ कम हुने थियो भन्ने पनि विज्ञहरुको आँकलन रहेको छ ।

भूकम्पबाट क्षति नभएका विद्यालयहरुमा पठनपाठन शुरु भएको छ । भूकम्पले उपत्यकामा कुल ५०७ विद्यालय क्षतिग्रस्त भए, जसमध्ये काठमाडौंमा १८७, ललितपुरमा १८३ र भक्तपुरमा १३७ छन् । पूर्ण क्षति भएको कक्षा कोठाको संख्या काठमाडौंमा ४४८ रह्यो भने ललितपुरमा ३०३ र भक्तपुरमा १५९ रह्यो । क्षतिग्रस्त विद्यालयहरुमा पनि मान्द्रो, बाँस आदिद्वारा निर्मित अस्थाई सिकाई केन्द्र (Temporary Learning Cenrer (TLC) को व्यवस्था गरी पठनपाठनलाई निरन्तरता दिने क्रम प्रारम्भ भएको छ । भूकम्प जानु अघि नै काठमाडौं, ललितपुर र भक्तपुर गरी विभिन्न विद्यालयका १६० भवन पुन सवलीकरण गरिएका थिए । ती मध्ये १२५ वटा भवनमा भूकम्पले कुनै क्षति नपुऱ्याएको पाइयो भने ३५ वटा भवनमा प्लास्टरमा रौं जस्ता धर्काहरु मात्र परेको तर ठूलो मर्मत गर्नु पर्ने गरी कुनै क्षति नभएको देखियो ।

क्याम्पसहरुमा पनि नियमित शैक्षिक गतिविधिलाई बिस्तारै निरन्तरता दिन थालिएको छ । भूकम्पले कक्षा कोठा नै क्षतिग्रस्त बनाएका क्याम्पसहरुमा वैकल्पिक उपाय अपनाएर भएपनि कक्षा सुचारु गर्ने प्रयास भएको छ । भूकम्पले गम्भीर प्रभाव पारेका स्थानहरुमा उपत्यकास्थित विभिन्न पुस्तकालयहरु पनि पर्दछन् । विशेषगरी त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय कीर्तिपुर, नेपाल राष्ट्रिय पुस्तकालय पुलचोक, केशर पुस्तकालय, काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालय भृकुटी मण्डप, नेपाल-भारत मैत्री पुस्तकालय न्युरोड आदि उपत्यकाका प्रमुख पुस्तकालयहरुमा भूकम्पका कारण पुस्तकका दराज र ऱ्याकहरु ढल्दा लाखौं प्रति पुस्तकहरु छरपस्ट भएका थिए । ती पुस्तकहरुलाई उठाई पुनः यथास्थानमा व्यवस्थित गरिराख्न सबै पुस्तकालयका व्यवस्थापन पक्षलाई अझै पनि हम्मेहम्मे परिरहेको छ ।

उपत्यकाका विभिन्न अस्पतालहरुमा उपचाररत भूकम्पका घाइते बिरामीहरु अब प्रायः घर फर्किसकेका छन् । लामो अवधिको उपचार आवश्यक पर्नेहरु पनि घरमै बसेर उपचार गराई रहेका छन् । कतिपय घाइतेहरु थप उपचार (फलो अप) का लागि अस्पताल धाई रहेका पनि देखिन्छन् ।



ढ

संकलन गर्ने र वितरण गर्ने कार्यमा हरेक दिनजसो जुटिरहेका छन् । तर यो काम उनीहरुले पहिला सोचेजस्तो सजिलो नभएको अनुभव गरिरहेका छन् । विशेष गरी सहयोग सामग्री संकलन् भन्दा पनि वितरण निकै चुनौतीपूर्ण हुने गरेको उनीहरुलाई अनुभव भईरहेको छ । पहिलो त संकलित राहत सामग्री भूकम्प पीडितहरु रहेका स्थानसम्म पुऱ्याउनै समस्या हुने, जेनतेन पुऱ्याएपछि राहत सामग्री आवश्यक परेका वास्तविक पीडित व्यक्तिहरु पहिचान गर्न निकै कठिन हुने, यसलेगर्दा टाठावाठा र बलभएका मानिसहरुको हातमा नै धेरैजसो सामग्री पर्न जाने, आफूलाई नचाहिने वा आफूले पर्याप्त परिमाणमा पाईसकेको सामान पनि फेरिफेरि लिन तँछाड, मछाड गर्ने, कच्ची बाटो भएका उपत्यकाका ग्रामीण भेगका भूकम्प पीडितसम्म राहत सामग्री पुऱ्याउन नसकिने, यसलेगर्दा गाडी पुगेका ठाउँसम्मका मानिसहरुसँग प्रसस्त राहत सामग्री थुप्रिने तर गाडी नपुग्ने ठाउँका मानिसहरु भने



राहतबाट बञ्चित हुने, राहतमा बृद्धबृद्धा, दृष्टिविहीन, आपाङ्गता आदि अशक्त वर्गको पहुँच अत्यन्त न्यून हुने, वितरण व्यवस्थित गर्नसक्ने समन्वयकारी निकायको अभावमा स्थानीय र ।जनीतिक कार्यकर्ताहरुको बोलबाला

पुनर्निर्माणको काम प्रारम्भ भई सकेको छैन । सरकारी स्तरबाट त्यससम्बन्धी स्पष्ट नीति, नियम, निर्देशिका आउन बाँकी नै छ । तर पुनर्निर्माणका लागि धेरै ठुलो धनराशी चाहिने भएकोले सरकारले विदेशी मित्र राष्ट्रहरु समक्ष सहयोगका लागि अनुरोध गरिसकेको छ । यता उद्धार र राहत कार्यका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा नेपालका विभिन्न संघसंस्था, कार्यालय र व्यक्ति विशेषले समेत सहयोग रकम जम्मा गर्न प्रधानमन्त्रीलाई चेक हस्तान्तरण गरेका समाचार दिनहुँ आइरहेका छन् । भूकम्प पीडितहरुको सहयोगार्थ भनेर नेपाल सरकारको राजश्वबाट तलब खाने जंगी, निजामती, प्रहरी, शिक्षक आदिको बैशाख महिनाकै तलबबाट अनिवार्य रुपमा केही प्रतिशत (पदअनुसार) रकम कट्टी गरिएको छ । यसबाट न्यून वैतनिक त्यसमा पनि भूकम्पका कारण आफैंले क्षति व्यहोरिरहेका कर्मचारीहरुलाई विपत्ती परेकै महिनामा तलब कट्टी गरिंदा मर्का परेको भन्ने गुनासो पनि सुनिएको छ ।

अहिले उपत्यकाका धेरैजसो स्थानहरुमा हटाउन नसकिएका भग्नावशेषहरु नै सबैभन्दा ठुलो समस्याको रुपमा देखिएका छन् । भूकम्पका कारण भत्किएका निजी घर, मन्दिरका भग्नावशेष र धराप बनेका संरचनाहरु हटाउन नसक्दा निकै ठुलो समस्या बन्न गएको छ । त्यस्ता धराप बनेका संरचनाहरु व्यक्ति आफैंले व्यवस्थित तरिकाले हटाउन नसक्ने र त्यस कामका लागि साधनस्रोतसम्पन्न निश्चित कुनै निकाय पनि नभएकाले भूकम्प गएको एक महिना बितिसक्दा पनि यो समस्या समाधान हुन सकेको छैन । भत्किएका घर र परखालका सामान्य ईंटा, ढुङ्गा, काठ आदि सम्बन्धित व्यक्तिहरुले आफैंले केही पन्छाएतापनि कंक्रिटका गह्रौं संरचनालगायतका मुख्य भग्नावशेषहरु भने सबैका लागि असुविधा बनेर थुप्रिरहेका छन् । आमसञ्चार माध्यममा पनि यो समस्यालाई प्राथमिकता दिइ प्रस्तुत गरिएको पाइन्छ । यद्यपि आमसञ्चार माध्यमहरुमा भूकम्पसम्बन्धी सामग्रीहरुको चाप अहिले केही घटदै गएको पाठक, श्रोता र दर्शकहरुले महसुस गरेका छन् ।

वैशाखको भूकम्पबाट भएको क्षतिको विश्लेषण गर्दा काठमाडौं उपत्यकामा धार्मिक तथा साँस्कृतिक सम्पदा क्षेत्रमा बढी क्षति पुगेको, सिन्धुपाल्चोक जिल्लामा मानवीय क्षति बढी भएको र दोलखा जिल्लामा भौतिक सम्पत्तीको बढी क्षति भएको पाइएको छ ।

त्यति ठूलो भूकम्प आई जनधनको व्यापक क्षति भएतापनि विद्युत वितरणमा भने धेरै ठूलो प्रभाव परेको देखिएको छैन । नेपाल विद्युत प्राधिकरण, उत्पादन निर्देशनालय अन्तर्गत विद्युत उत्पादन केन्द्र तथा निर्माणाधीन आयोजनाका संरचनाहरुमा भूकम्पले केही क्षति पुऱ्याएको छ । तर विद्युत उत्पादन र वितरण प्रणाली नै ठप्प हुने गरी क्षति भएको छैन । काली गण्डकी ए, मध्यमर्स्याङ्दी, मर्स्याङ्गी, कुलेखानी पहिलो र दोस्रो, त्रिशुली, देवीघाट,फर्पिङ आदि जल विद्युत केन्द्रहरुमा भूकम्पले केही क्षति पुऱ्याए पनि ती केन्द्रहरुमा विद्युत उत्पादन सुचारु भईरहेकोले काठमाडौं उपत्यकामा विद्युत आपूर्तिमा ठूलो समस्या नदेखिनु एक सन्तोषको विषय बन्न गएको छ ।

यो एक महिनामा उपत्यकाको जनमानसको अवस्था नियाल्दा अत्यन्तै टिठ लाग्दो परिदृष्य देखिन्छ । घर पूरै भत्किएर बासविहीन बन्न पुगेका हजारौं परिवार विचल्लीको अवस्थामा छन् । उनीहरु कोही अझै पाल, त्रिपाल र अस्थाई

ण

हुने, जसले गर्दा झगडा समेत हुने आदि समस्याहरुसँग राहत वितरणमा सक्रिय स्वयम्सेवकहरुले सामना गरिरहनु परेको छ ।

यसका साथै पीडित वर्गलाई सहयोग गर्ने मानवीय भावनाले भन्दा पनि आफ्नो वा आफ्नो संस्थाको प्रचार गर्ने निहित स्वार्थको उद्देश्य राखी सामान्य परिमाणमा केही सामान वितरण गरी त्यसको फोटो खिचाउन बढि सक्रिय रहने प्रवृत्तिका कारण पनि वास्तविक राहत वितरक स्वयम्सेवीहरुलाई आफ्नो कार्यसम्पादनमा धेरै असजिलो भईरहेको देखिएको छ ।

यस्तो स्थिति देख्दा भाईचाका छोरी र बुहारीलाई कहिले त दिक्क लागेर आउँछ । उनीहरु स्वयम्सेवामा जान पनि अन्कनाउँछन् । यो देखेर भाईचाले उनीहरुलाई सम्झाउँछ - "हेर, खराब विचार भएका मानिसहरु जहाँ पनि हुन्छन्, सधैं सबैतिर असल मानिसमात्र पाइदैन । खराब मानिसहरुसँग असल मानिसहरुले डराएर, दिक्क मानेर आफ्नो कर्तव्य छोड्यो भने दुःखमा परेका असहाय मानिसहरुलाई कसले सहायता गर्छ ? उनीहरुको त झन बिचल्ली हुन्छ । तिमीहरुले त्यसरी हरेस खानु हुँदैन, जाउ आफूले सकेको मद्दत गर । नत्र त त्यस्ता खराब मानिसहरु र तिमीहरुमा के फरक भयो त ?"

भाईचाको कुरा सुने पछि उनीहरुले पनि चित बुझाए र अरु छिमेकीहरुलाई पनि त्यसरी नै सम्झाई बुझाई गरेर पीडितहरुका लागि राहत संकलन र वितरण गर्ने काममा फेरि सक्रिय भए ।

टहरामा ओत लागिरहेका छन् भने कोही आफन्तका सग्ला घरमा शरण परेका छन् । भूकम्प जानु अघिसम्म अरुलाई आफ्ना कोठाहरु बहालमा दिएर राम्रो आय आर्जन गरिरहेका उपत्यकाका कैयौं घरपतिहरु भूकम्पको मारमा आफ्नो घर परेपछि अहिले आफैं डेरा खोज्दै भौंतारिरहेका छन् ।

अन्य जिल्लाबाट विभिन्न व्यवसाय, अध्ययन आदिका लागि काठमाडौं उपत्यकामा आएर डेरा गरी बसेका लाखौं मानिसहरु पनि ठुलो समस्यामा परेका छन् । त्यसमध्ये केही त भूकम्पको लगत्तै आ-आफ्नो जिल्लातिर गएका थिए । तर व्यवसाय र कामकाजका कारण फेरि उपत्यकामा फर्कन बाध्य भएका यी डेरावासीहरुलाई अहिले नसोचेको समस्या आईपरेको छ । कतिपयलाई आफू डेरा गरी बसेको घर नै भूकम्पबाट क्षतिग्रस्त भएकोले अर्को डेरा खोज्नु पर्ने बाध्यता आईपरेको छ भने धेरै घरहरु क्षतिग्रस्त भएकाले डेरा पाउनै मुस्किल छ र पाईहाले पनि घरभाडा पहिलाको भन्दा महङ्गो भएको छ ।

भूकम्प पछि सबैभन्दा दयनीय अवस्थामा दैनिक ज्याला मजदुरी गरी छाक टार्नुपर्ने वर्ग रहेका छन् । भारी बोकेर, ठेला ठेलेर, रिक्शा चलाएर, खुला स्थानमा खुद्रा व्यापार आदि काम गरेर जीविकोपार्जन गरिरहेका हजारौं श्रमिक परिवार गत एक महिना देखि ती कामहरु ठप्प भएकाले भोकभोकै बस्नुपर्ने अवस्था देखिएको छ । भूकम्प गएको केही दिनसम्म त विभिन्न सामाजिक, धार्मिक संघसंस्था एवम् दाताहरुले ठाउँठाउँमा व्यवस्था गरेका निःशुल्क भोजन ग्रहण गरेर भए पनि उनीहरुले भोक टारे तर अब त्यो स्थिति छैन । प्रत्येक दिन काम गरी कमाएको ज्यालाले छाक टार्नुपर्ने यो वर्गसँग वचत रकम नहुनु स्वभाविकै हो । त्यसैले उनीहरु अहिले ऋण काढ्न बाध्य छन् भने भूकम्प पछि दैनिक उपभोग्य खाद्यबस्तुको भाउ अनियन्त्रित भएकाले थप मारमा परेका छन् ।

घर भत्किएकाहरु फेरि अर्को घर कसरी र कहिले ठड्याउन सकिएला भन्ने चिन्तामा छन् । परकम्प आउने क्रम रोकिएको छैन । सरकारले नयाँ घर निर्माणको काम सुरु गर्न अहिले रोक लगाएको छ । वर्षात् अघि नै सुरक्षित घरमा सर्ने आशा अब सबैले मारिसकेका छन् । घर पुनर्निर्माणका लागि सरकारले केही त भरथेग गर्ला नि भन्ने आशा पनि यी पीडितहरुले गरिरहेका छन् । यस्तै आशा, निराशा, अनिश्चय र असुविधामा रहेर आउँदो समयको प्रतीक्षा गरिरहेका छन् काठमाडौं उपत्यकावासीहरु ।

## छ महिनापछि

विनाशकारी भूकम्पले काठमाडौं उपत्यकासहित देशका विशेषगरी विभिन्न १४ जिल्लालाई अत्याएको छ महिना पूरा भयो । यस अवधिमा भूकम्प पीडितहरुले धेरै वियोग, पीडा र समस्या भोगे । तर अहिले स्थिति निकै सम्हालिएको छ। यद्यपि परकम्पले बेलाबेलामा अत्याउन छोडेको छैन । यस छ महिनाको अवधिमा चार म्याग्निच्युड वा सोभन्दा माथिका परकम्प ३९८ पटक महसुस गरियो । गत करिब तीन महिना वर्षात्का कारण थप असुविधा भोगेका उपत्यकाका भूकम्प पीडितहरुले मौसम सफा हुन थालेपछि अहिले केही सहज महसुस गरिरहेका छन् ।

सरकारी, गैरसरकारी, निजी लगायत अन्य कार्यालयहरु पूर्ववत् सञ्चालनमा आईसकेका छन् । यद्यपि कतिपय कार्यालयका आफ्ना भवनहरु क्षतिग्रस्त भएकाले स्थानान्तरणलगायतका वैकल्पिक उपाय गरी काम चलाइएको छ । यस्ता दृष्य देशको केन्द्रीय प्रशासन रहेको सिंहदरबारभित्र समेत अझै देख्न सकिन्छ ।

भूकम्पले क्षतिग्रस्त भएको सर्वोच्च अदालत भवन पुनसवलिकारण (रेट्रोफिट) गर्ने कार्य शुरु भएको छ। भूकम्पले पारेको प्रभाव र अबको आवश्यकताबारे लेखाजोखा गर्ने कार्य (पोष्ट डिजास्टर निड एसेस्मेन्ट) सम्पन्न भएको छ ।

शिक्षालय, अस्पताल, विद्युत, खानेपानी, दूरसञ्चार, यातायात पनि सञ्चालन भईरहेका छन् । कतिपय विद्यालयमा बनाइएका अस्थायी सिकाई केन्द्र जीर्ण हुँदै गईरहेका छन् । भूकम्पका कारण स्थगित भएका विभिन्न तहका पूर्व निर्धारित परीक्षाहरु यस छ महिनाको अवधिमा सम्पन्न गरिएका छन् भने एसएलसी परीक्षाको पनि नतिजा प्रकाशित

## छ महिनापछि

त

### खल्लो भयो यसपालिको दसैं-तिहार

हेर्दा हेर्दै छ महिना पनि बित्यो । पहिले नै भूकम्पीय सुरक्षा प्रविधि अपनाएर घर बनाएकोले भाईचाको परिवारले कुनै क्षति व्यहोर्नु नपरेको हुँदा यस अवधिमा उसको परिवार भूकम्प पीडित छिमेकीहरुको सहयोग र स्वयम्सेवामै व्यस्त रह्यो । यसक्रममा भाईचाकी छोरीले धेरै कुरा सिक्ने अवसर पाई । यसैबीच उसको एसएलसी परीक्षाको परीक्षाफल पनि प्रकाशित भयो, जसमा ऊ सफल भई । अब उसले नर्सिङ विषय पढने अठोट् गरेकी छ । भूकम्प पीडित विरामीहरुको स्याहार गर्न विभिन्न शिविरहरुमा सक्रिय रहँदा नै उसले मनमनै यो अठोट् लिएकी थिई । किनकि त्यसरी असहाय विरामीहरुको सेवामा रहँदा उसले यस्तो कामको महत्व बुझ्ने अवसर पाएकी थिई ।

उसको यो विचार सुनेर उसको बाबु भाईचा असाध्यै खुसी हुँदै भन्यो -

भई उत्तीर्ण विद्यार्थीहरुले कक्षा ११ मा प्रवेश गरी उच्च माध्यामिक शिक्षाको पठनपाठन प्रारम्भ गरिसकेका छन् ।

भूकम्पका कारण भत्किएका निजी घर, सरकारी कार्यालय, विद्यालय भवन, अस्पताल भवन, सम्पदास्थल आदिमा पुनर्निर्माणको कुनै गतिविधि प्रारम्भ हुनसकेको छैन । सबै पक्ष पुनर्निर्माण सम्बन्धी सरकारी नीति निर्देशनको प्रतीक्षामा छन् भने सरकारी पक्ष त्यसको तर्जुमा गर्ने र आर्थिक स्रोत जुटाउने प्रयासमा छ ।

अहिले भूकम्पले उब्जाएको समस्याभन्दा पनि राजनीतिले उब्जाएको समस्याबाट देश र आमजनता पीडित भईरहेका छन् । करिव नौ वर्षको कठिन प्रयासबाट नयाँ संविधान जारी भएकोमा आमजनताले राम्ररी सन्तोषको अनुभूति गर्न नपाउँदै सोही संविधानको विषयलाई लिएर तराई क्षेत्रमा राजनीतिक आन्दोलन चर्कियो । आन्दोलनसँग गाँसिएर देशको दक्षिणतर्फको सीमा नाकासमेत अवरुद्ध हुँदा नेपालमा आयात हुनुपर्ने दैनिक उपभोग्य बस्तु, औषधि, इन्धन लगायतका आपूर्ति ठप्प हुन गएकाले सबैको ध्यान भूकम्पले ल्याएको असहज परिस्थितिबाट मोडिएर यो अप्रत्याशित रुपमा आएको अझ बढी असहज परिस्थितितर्फ केन्द्रित भएको
छ । यसलेगर्दा सरकारका साथै सर्वसाधारणमा समेत पुनर्निर्माणप्रतिको चासो र चिन्तालाई केही ओझेलमा पारिदिएको छ ।

यसैबीच नेपालीहरुको महान चाड दसैं-तिहार आयो । तर यसपालिको जस्तो खल्लो र नरमाइलो दसैं-तिहार उपत्यकावासीहरुले पहिले कहिल्यै अनुभव गरेका थिएनन् । एकातर्फ विनाशकारी भूकम्पले तहसनहस पारेको अवस्था र अर्कोतर्फ सीमा अवरुद्ध भएकाकारण दैनिक आपूर्ति समेत असहज भईरहेको स्थितिले गर्दा यसपालिको चाड एउटा बोझको रुपमा मात्र रहन गयो । भूकम्पमा परी ज्यान गुमाएकाहरुका परिवारमा शोक र बरखीका कारण यसपाली कुनै पनि चाडको अर्थ रहेन् भने घर भत्किएका, शरीर घाइते भएका, अस्थायी शिविरहरुमा गुजारा गरिरहेका परिवारमा पनि चाडवाडको कुनै रौनक नहनु स्वभाविकै हो । यसैबीच भूकम्पमा परी तत्काले वा केही दिन पछि ज्यान गुमाएकाहरुका परिवारमा आ-आफ्नो परम्पराअनुसार छ महिनाको मृत्यु संस्कार सम्पन्न गरियो ।

भूकम्पले भत्काएका संरचनाका भग्नावशेषहरु अझै राम्ररी हटाई सकिएको छैन । शहरी क्षेत्रका मुख्यमुख्य स्थानका केही भग्नावशेषहरु हटाइए पनि अन्यत्रका व्यवस्थित हुन बाँकी नै छन् । धरहरा, सैनिक अस्पतालको पुरानो भवन र वसन्तपुरका दरबार क्षेत्रका केही भग्नावशेषहरु टुँडिखेलको दक्षिणतर्फ थुपारिएका छन्

भूकम्पका कारण नराम्ररी प्रभावित भएको उपत्यकाको पर्यटन व्यवसाय विस्तारै पुनः ब्युँतिन लागेको देखिन्छ । क्षतिग्रस्त भएका उपत्यकाका ऐतिहासिक पर्यटनस्थलहरुमा विदेशी पर्यटकहरु चासो दिएर अवलोकन गरिरहेका पाइन्छन् । भक्तपुर दरबार स्क्वायर लगायतका



थ

"छोरी, तिम्रो विचार सुनेर मलाई खुसी मात्र होइन गर्व लागेको छ । यसपालिको भुईंचालोले तिमीलाई असहाय मानिसको सेवाको महत्व सिकाएछ । पहिला मैले भोगेको भुईंचालोले मलाई पनि धेरै कुरा सिकाएको थियो । हेर, तिम्रो आमा अहिलेसम्म बाँचेकी भए कति खुसी हुन्थी होली, आफ्नी छोरी नर्स बन्न लागेको
देखेर । ठिक छ, तिमी नर्स पढने कलेजमै भर्ना हुनु । खुब मेहनत गरेर पढनु र एक सफल नर्स बन्नु । तिमीले अरु केही चिन्ता गर्नु पर्दैन ।" भाईचाको छोरा पनि बहिनीले नर्सिङ पढन लागेकी थाहा पाएर निकै उत्साहित भयो ।

भुईंचालोबाट भाईचाको परिवार सोझै प्रभावित नभए पनि यसपालिको दसैं-तिहारमा उनीहरुले कुनै रमाइलो गरेनन्, सामान्य पूजाआजा मात्र गरे । भाईचाका गुठियार, नातेदार र छिमेकीहरु भुईंचालोले दिएको शोक र कष्टमा थिए । यस्तो परिस्थितिमा भाईचाको परिवार मात्र चाडवाडमा उत्साहित हुन सम्भव थिएन । भाईचा अब धान काट्ने तरखरमा लागेको छ । तर यसपालि खेतबारीमा कामगर्ने मानिस पाउन ज्यादै कठिन भएको छ । एक त पहिले देखि नै खेतबारीमा काम गर्ने मानिसको अभाव हुँदै गएको थियो । झन् यसपालि त भुईंचालोले गर्दा मानिसहरु सबै आफ्नै समस्यामा ग्रसित छन्, कोही बिरामी छन्, कोही



क्षतिग्रस्त स्थलमा त विदेशी पर्यटकहरुसमेत भग्नावशेष पन्छाउने काममा रमाउँदै सहभागी भएका देखिन्छन्। नेपालीले भोग्नु परेको दुःखमा यसरी आफुले केही मात्रामा भएपनि साथ दिन पाउँदा जीवनभर स्मरण रहने अनुभव बटुल्न सकिने उनीहरुको धारणा रहेको पाइन्छ। यसरी उपत्यकामा रहँदा कम्तीमा एक दिन भएपनि क्षतिग्रस्त स्थलमा स्वयम्सेवा गर्ने विदेशी पर्यटकहरु अहिले निकै छन्।

यसैबीच कात्तिक ९ गते हिन्दकुश क्षेत्रमा अफगानिस्तानको फैजाबाद नजिक केन्द्रविन्दु रहेको ७.५ म्याग्निच्युडको भूकम्प गयो। यसको धक्का नेपाल, भारत र पाकिस्तानमा पनि अनुभव गरियो। धक्काको अनुभव र उक्त भूकम्पसम्बन्धी समाचारले नेपाली जनमानसलाई फेरि झस्कायो।

अहिले भूकम्प पीडितहरुको विवरण सङ्कलन गर्ने र उनीहरुलाई आधिकारिक पहिचानका लागि सरकारकातर्फबाट रातो कार्ड वितरण गर्ने काम धमाधम भईरहेको छ। यसमा कतिपय वास्तविक पीडितहरुको नाम छुटेको, नक्कली पीडितहरुले पनि रातो कार्ड हात पारेको जस्ता गुनासाहरु पनि सुनिन थालेको छ। अर्कोतर्फ पीडित परिवारलाई सरकारले वितरण गरेको राहत रकममा स्वामित्वको प्रश्नलाई लिएर केही परिवारमा कलह समेत भएको पाइएको छ भने वर्षौ अघिदेखि भूकम्प जाँदासम्म सगोलमा रहेका परिवार पनि राहत रकमको प्रलोभनका कारण कृत्रिम रुपमा छुट्टिएर बेग्लाबेग्लै भएका उदाहरणहरु पनि निकै पाउन थालिएको छ।

यसैबीच भूकम्प गएको छ महिना पछि काठमाडौंको पहिचान बोकेको साँस्कृतिक धरोहर काष्ठमण्डपको पुनर्निर्माणको सिलसिलामा त्यसको जगको उत्खनन् कार्य गरियो। पुरातत्व विभाग र बेलायतको दरहाम विश्वविद्यालयको प्राविधिक सहकार्यमा यो अत्यन्तै संवेदनशील पुरातात्विक स्थलको उत्खनन् कार्य परम्परागत तरिकाले नगरी अत्याधुनिक उपकरणको मदद्तले गरियो। यसअघिसम्म १२औं शताब्दीमा निर्माण भएको भनी मानिएको काष्ठमण्डपको जग सातौं शताब्दीमै निर्माण भएको भन्ने नयाँ तथ्य त्यस उत्खननबाट देखियो, जुन अत्यन्त महत्वपूर्ण उपलब्धी हो। यसकासाथै भूकम्पबाट क्षतिग्रस्त पाटनको चार नारायण मन्दिर र भक्तपुरको वत्सला देवी मन्दिर अगाडि पनि सोही संयुक्त टोलीको सहकार्यमा उत्खनन् गरियो।

भूकम्पबाट देशका विभिन्न स्थानका गरी ७५३ वटा पुरातात्विक महत्वका सम्पदाहरु पूर्ण वा आँशिक क्षतिग्रस्त भएका छन् भने काठमाडौं जिल्लामा मात्र २५० वटा, ललितपुरमा १३० वटा र भक्तपुर जिल्लामा ८० वटा सम्पदामा क्षति पुगेको छ।

उपत्यकाभित्रका ग्रामीण भेगका नवघोषित नगरपालिका क्षेत्रको अवस्था भने तुलनात्मक रुपमा सामान्य भईसकेको देखिन्छ। यी क्षेत्रका अधिकाँश पुराना र कच्ची घरहरु भूकम्पबाट क्षतिग्रस्त भएका थिए। घर पुनर्निर्माणको प्रक्रिया शुरु नभएतापनि भग्नावशेष पन्छाउने र क्षति हुनबाट बचेको भागमा, गोठमा, टहरामा यहाँका बासिन्दाहरुले गुजारा चलाईरहेका छन्। यहाँ शहरी क्षेत्रमा जस्तो भूकम्प पीडितका अस्थायी शिविरहरु छैनन्। यस क्षेत्रका बासिन्दाको अहिलेको मुख्य चासो खेती हो। वैशाखमा आएको भूकम्पले धेरै कुरा बिथोले पनि असारको रोपाई भने बिथोलेन। परकम्पले बेलाबेलामा जमिन हल्लाइरहे पनि बाउसे र रोपारहरुले आफ्नो धर्म छोडेनन्। रोपाईका बेलामा न त उनीहरुले सरकारको मुख ताके, न त दैवको। त्यसैको मीठो फलस्वरुप अहिले उपत्यकाका ग्रामीण भेगमा धानका बाला लहराईरहेका मोहक दृष्य देख्न पाइन्छ। यहि दृष्य हेरेर ग्रामीण बासिन्दाहरु केही हदमा भएपनि भूकम्पको पीडा भुलिरहेका छन्। यद्यपि गाँसको त्यति साह्रो चिन्ता नभए पनि आगामी हिउँद अघि नै बासको स्थायी व्यवस्था गर्नुपर्ने ठूलो चुनौती उनीहरुका साम् उभिएकै छ।

घाइतेहरु अझै राम्ररी निको भईसकेका छैनन्, घर पूरै भत्किएर बेहाल भएकाहरु अस्थायी शिबिरतिर छन्, तिनलाई भेट्नै कठिन छ। भाईचाको इन्जिनियर छोरालाई बोल्न त समय छैन, खेतबारीतिर उसले के ध्यान दिन सकोस् ? भाईचाले केही छिमेकी, नातेदार र डकर्मी साथीहरुको सहयोगमा पर्म समेत गरेर भएपनि धान काट्ने काम जसोतसो सिध्यायो। पहिला पहिलाको भन्दा हरेक वर्ष खेती गर्न गाह्रो हुँदै आएको त उसले बितेका वर्षहरुमा पनि अनुभव गरेको थियो। तर यसपालि भने निकै नै गाह्रो भयो। असारमा धान रोप्दा पनि काम गर्ने मानिस नपाएर निकै गाह्रो परेको थियो। भुईंचालोका कारण जति दुःख, कष्ट र वियोग भोग्नु परे पनि धानबाली नबिग्रिएकोमा किसानहरुले सन्तोष मानेका छन्। नत्र त भुईंचालोको पीडामाथि अनिकालको चोट पनि थपिने हो कि भन्ने चिन्ता उनीहरुको थियो, त्यो चिन्ता टरेको छ।



द

## एक वर्षपछि

नेपालमा विनाशकारी भूकम्प गएको एक वर्ष पूरा भयो । एक वर्ष पूरा भएकै दिन अर्थात् २०७३ वैशाख १२ गते विहान सबेरै २ बजेर १६ मिनेटको समयमा नुवाकोट केन्द्रविन्दु रहेको ४.२ म्याग्निच्युडको परकम्प गयो । यो एक वर्षमा ४ वा सोभन्दा बढि म्याग्निच्युडका करिव ४५० परकम्प अनुभव गरिए ।

भूकम्प पीडित नेपाली जनताले अनेकौं कष्ट र असुविधा सहेर भएपनि धैर्य र आशाको भरमा यो वर्ष बिताए । यस अवधिमा उनीहरुले एउटा सिङ्गै वर्षात् र एउटा सिङ्गै हिउँदको कहर काटे । भूकम्पमा परी आफ्ना परिवारजनलाई सधैंका लागि गुमाएकाहरुले अहिले आ-आफ्नो चलन अनुसार बरखीको संस्कार सम्पन्न गरे । भूकम्पका कारण जीवन गुमाएकाहरुका दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै उपत्यकाका क्षतिग्रस्त सम्पदास्थल, देवस्थललगायत विभिन्न सार्वजनिक स्थानहरुमा सामुहिक रुपमा भावपूर्ण श्रद्धाञ्जलि पनि अर्पण गरियो। यसक्रममा पूजापाठ, भजन, दीप प्रज्ज्वलन, साङ्गीतिक प्रस्तुति, कविता वाचन, बेलुन उडान आदि कार्यक्रम आयोजना गरिए ।

एक वर्ष पूरा भएको सन्दर्भलाई आमसञ्चार माध्यमहरुले महत्व दिएका छन् । पत्रपत्रिका र अनलाइनमा यस्ता शिर्षकका समाचार सामग्रीहरु देखिएका छन्, जसमा विनाशकारी भूकम्प गएको एक वर्षपछिको परिदृष्यको केही झलक पाउन सकिन्छ -

'आशै आशमा बित्यो एक वर्ष'

'ओभाएनन् पीडितका आँखा'

'तङ्ग्रिन खोज्दै भूकम्प पीडित'

'पुनर्निर्माणमा जुट्दै सुरक्षा निकाय'

'खर्च १ अर्ब, पीडितका अवस्था उस्तै'

'कागजी काममै बित्यो एक वर्ष'

'...तैपनि हाँसिएकै छ '

'घरसँगै मन पनि भत्कियो '

'भग्नावशेषसम्म पनि पन्छिएन एक वर्षमा'

'टहरामै बित्यो शैक्षिक सत्र'

'बिजोग हेर्न शिविर जानु '

'जीवनले जित्दै, भयले हार्दै'

'सिंहदरबारभरी योजना, गाउँभरी पीडा'

'पुनर्निर्माण प्रति अक्षम्य वेवास्ता'

'आश्वासन धेरै, उपलब्धी न्यून'

'निकृष्ट राजनीतिले पुनर्निर्माणमा अवरोध'

'पुनर्निर्माण प्राधिकरण गठन, एक मात्र ठोस कार्य'

'Disaster preparedness still a far cry'

'What to do ? where to go ?' आदि ।

अब सबैको ध्यान पुनर्निर्माणमा केन्द्रित भएको छ । सरकारले गठन गरेको राष्ट्रिय पुनर्निर्माण प्राधिकारणले केही ढिलै भएपनि आफ्नो काम सुरु गरिसकेको छ । काठमाडौं उपत्यकाभित्र भूकम्पबाट घर भत्किएका घरधनीहरुले सरकारले तोकेको नयाँ मापदण्ड, नीतिनियम र भवन संहिताका आधारमा पुनर्निर्माणको काम थालेका छन् । गत वर्षको भूकम्पले 'नेपाल भूकम्पीय जोखिम क्षेत्रमा आवस्थित छ, कुनै पनि बेला विनाशकारी भूकम्प जान सक्छ, त्यसैले संरचनाहरु भूकम्पीय सुरक्षालाई ध्यानमा राखी बनाउनु पर्छ' भन्ने यथार्थ अब कसैले कसैलाई सिकाइरहनु,

## एक वर्षपछि

ध

### पुनर्निर्माणको महायज्ञमा जुटेको छ भाईचाको परिवार

भाईचाको व्यस्तता अहिले हवातै बढेको छ । सरकारले भुईंचालोले भत्काएका घर, स्कुल, मठमन्दिर आदिको पुनर्निर्माण प्रारम्भ गर्ने वातावरण बनाइ दिए पछि ऊ र ऊ जस्ता भूकम्पीय सुरक्षा प्रविधिको तालिम लिई सकेका डकर्मीहरु अहिले निकै व्यस्त छन् । निर्माण कार्यमा प्रत्यक्ष सक्रिय हुने देखि तालिम नलिएका डकर्मीहरुलाई व्यवहारिक तालिम दिने काममा समेत उनीहरु सक्रिय छन् ।

पुनर्निर्माणको काम शुरु हुँदासाथ भाईचा र उसका डकर्मी साथीहरुले सबैभन्दा पहिला उनीहरुले भुईंचालो आएको



लगत्तै प्रधानाध्यापकलाई दिएको वचन अनुसार स्कुलको कार्यालय भवन बनाए । भूकम्पीय सुरक्षा प्रविधि अपनाएर उक्त भवन बनाउँदा तालिम लिई रहेका डकर्मीहरुलाई त्यसमै प्रयोगात्मक ज्ञान पनि दिने चाँजो मिलाइयो ।

बुझाइरहनु नपर्ने भएको छ । यो नै भूकम्पले सिकाएको सबैभन्दा महत्वपूर्ण पाठ बन्न गएको छ । फलस्वरुप स्थानीय देखि राष्ट्रिय स्तरसम्म भूकम्पीय सुरक्षा नीति र प्रविधि अपनाउन विभिन्न प्रयासहरु भईरहेका देखिन्छन् । यद्यपि यी प्रयासहरुले अपेक्षित गति भने लिन सकेको पाइदैन ।

भूकम्पको एक वर्ष पुगेको सन्दर्भलाई पुनर्निर्माणको शुभारम्भ गर्ने अवसरको रुपमा उपयोग गर्न राज्यका तर्फबाट विभिन्न सम्पदा क्षेत्रमा विशेष कार्यक्रम आयोजना गरिए । जसअनुसार प्रधानमन्त्री के.पी. ओलीद्वारा स्वयम्भुनाथको क्षतिग्रस्त अनन्तपुर, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'द्वारा पाटन दरबार क्षेत्रको मणिमण्डप पाटी, नेपाली काँग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलद्वारा हनुमानढोका स्थित वंशगोपाल मन्दिर र पर्यटन, नागरिक उडड्यन तथा सँस्कृति मन्त्री आनन्द पोखरेल तथा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेद्वारा भक्तपुरको फसिदेग र लायकु दरबारको प्रवेशद्वार पुनर्निर्माणको शुभारम्भ भयो ।



प्राधिकरणले पाँच वर्षे पुनर्निर्माण कार्यका लागि रु.६ खर्ब ७० अर्ब खर्च हुने अनुमान गरेको छ । आर्थिक वर्ष २०७२/०७३ को वजेटमा सरकारले पुनर्निर्माणका लागि रु. ७४ अर्ब छुट्याएको थियो । तर २०७२ साल सकिँदासम्म पनि उक्त वजेटको एक तिहाई रकम मात्र खर्च हुन सकेको जानकारी सार्वजनिक भएको छ । भूकम्प गएको एक वर्ष पुरा भएको दिन प्राधिकरणले निजी घर पुनर्निर्माणका लागि सरकारी अनुदान पाउनयोग्य भूकम्पबाट अतिप्रभावित जिल्लाका घरधनीहरुको नामावली सार्वजनिक गऱ्यो । सरकारले तीन किस्ता गरी प्रत्येक घरधनीलाई एउटा घर बनाउन रु.दुई लाख अनुदान उपलब्ध गराउने भएको छ । जसअनुसार पहिलो किस्तामा रु ५० हजार, दोस्रोमा रु ८० हजार र अन्तिम किस्तामा रु ७० हजार उपलब्ध गराइने छ । प्रत्येक किस्ताको अनुदान रकम प्राप्त गर्न सरकारले तोकेअनुसार भूकम्पीय सुरक्षा प्रविधि र भवन संहिता पालना गरी 'बलियो घर' निर्माण गरेको हुनैपर्ने व्यवस्था गरिएको छ । (अनुदान रकममा पछि रु १ लाख थप गरी रु ३ लाख पुऱ्याइयो ।)

क्षतिग्रस्त विद्यालयहरुमा कक्षा सञ्चालनका लागि बनाइएका अस्थायी सिकाई केन्द्र अब बिग्रिसकेका छन् । नयाँ शैक्षिक सत्र सुरु भयो तर विद्यार्थीहरुले पाउनु पर्ने जस्तो नयाँ कक्षा कोठा पाएनन् । एक वर्षको वर्षात् र हिउँद खपिसकेका अस्थायी सिकाई केन्द्रले अब आउन लागेको वर्षात् थेग्न सक्ने स्थिति छैन । तसर्थ स्थायी कक्षा भवन नबनेसम्मका लागि थेगिने गरी अर्ध स्थायी शिकाई केन्द्र (Semi -Permanent Learning Centre) बनाउने नीति लिइएको छ ।

स्कुलको काम सकिए पछि भाईचाको टोली निजी घर पुनर्निर्माण गर्ने काममा व्यस्त रहेको छ ।

भुईंचालो आउनु अघिसम्म नयाँ घर बनाउन चाहने घरधनीहरुलाई भूकम्पीय सुरक्षा प्रविधि अपनाएर घर बनाउनमा मञ्जुर गराउन निकै कठिन थियो । उनीहरु "बेकारमा किन अलिकति भएपनि खर्च बढाउने ?", "भुईंचालो आउने कहिले कहिले, किन अहिले देखि टाउको दुखाउने ?", "तिमीले भनेजस्तै छिटै ठूलै भुईचालो आउँछ भन्ने के ग्यारेन्टी छ र ?", "आईहाल्यो भने पनि त्यस्तो प्रविधिले बनाएको घर चाँहि भत्कदै भत्कदैन भन्ने के निश्चित
छ ?" भन्ने जस्ता अनेक प्रश्न र शङ्का गर्थे । भाईचाले यस्ता धेरै प्रश्नहरुको सामना गर्नु पर्दथ्यो । उसले घरधनीहरुलाई भूकम्पीय सुरक्षा प्रविधि र भवन संहिता पालनाको महत्वबारे राम्ररी सम्झाउँथ्यो । कतिले कुरा बुझेर त्यही अनुसार घर बनाइदिनु भन्थे भने कतिले मान्दैन थिए । तर भाईचा र उसको टोलीले यो कुरा नमान्ने घरधनीको घर बनाउने काममा हात हालेनन् । त्यसैले कतिपय घरधनीहरु उनीहरुसँग रिसाएका पनि थिए, जो अहिले पछुताई रहेका छन् । तर अहिले स्थिति पूरै बदलिएको छ । अब कसैलाई पनि भूकम्पीय सुरक्षा प्रविधिको बयान गरिरहनु पर्दैन । यो परिवर्तन देख्दा भाईचा र उसका साथीहरुलाई सन्तोष लागेको छ ।

एउटा पूरै झरी र एउटा पूरै ठिही बेघर भएर कष्टपूर्ण अवस्थामा बिताएका र अनेकौं बिमारी अनि असुविधा झेलेका भूकम्प पीडितहरु आगामी झरीभन्दा अगावै आफ्नै घरको भरपर्दो छानोमुनी ढुक्कसँग आश्रय लिन आतुर छन् । तर यो काम सोचे जतिको सजिलो भने

न

काठमाडौं उपत्यकाका कतिपय खुला स्थानका अस्थायी शिविरमा अझ पनि भूकम्प पीडितहरु आश्रय लिइरहेका छन् । त्यस्ता शिविरहरुमा वास्तविक भूकम्प पीडित मात्र नभई अन्य पनि रहने गरेको पाइएको छ । विशेष गरी उपत्यका बाहिरबाट यहाँ काम गर्न आएकाहरु दिनभर कामगरी राति सुत्न मात्र शिविरको छाप्रोमा जानेहरु पनि छन् भने डेरा नपाएकाहरु पनि शिविरभित्रै गुजारा गरिरहेका छन् । शिविरमा शौचालय, पानी, सरसफाई, स्वस्थकर वातावरण आदिको ठुलो अभाव छ भने झैझगडा, चोरी, यौन दुर्व्यवहार लगायतका विकृतिहरुले पनि ठाउँ पाउने गरेका छन् । एक साता अघि आएको ठूलो आँधिहुरीले उपत्यकाका विभिन्न शिविरहरुको छत उडाउँदा त्यहाँ रहेकाहरुले थप सास्ती व्यहोर्नु पऱ्यो ।

निजी आवास पुनर्निर्माण सम्बन्धी काम सुरु भएपनि अपेक्षित गति लिन सकेको छैन । त्यसैले आगामी वर्षात् अगावै सुरक्षित घरमा प्रवेश गरिसक्ने भूकम्प पीडितहरुको आशा र सरकारको आश्वासन धरमराएको छ । पुनर्निर्माणका लागि दिइने सरकारी अनुदानको पहिलो किस्ता रु ५० हजार अत्यन्त कमले ( भूकम्प पीडित सबै जिल्लाका गरी ७ लाख ७० हजारले पाउनु पर्नेमा करिव ७०० ले मात्र )  पाएका छन् । प्रक्रियागत जटिलताका कारण अनुदानका आकाँक्षी धेरै घरधनीहरु अझै रनभुल्लमै छन् । अर्कोतर्फ तालिम प्राप्त डकर्मीको पनि निकै अभाव छ । सरकारले तोकिदिएको भूकम्पीय सुरक्षा प्रविधि नअपनाई घर निर्माण गरेमा अनुदान नपाइने मात्र होइन घर समेत बलियो बन्दैन । त्यस्तो प्रविधि अपनाएर घर बनाउन कम्तीमा एक जना तालिम प्राप्त डकर्मीको प्रत्येक घर निर्माण कार्यमा प्रत्यक्ष संलग्नता हुनु जरुरी छ । यसै आवश्यकतालाई ध्यानमा राखी उपत्यकाका विभिन्न स्थानहरुमा डकर्मी तालिमहरु आयोजना भईरहेका छन् । तर तालिम लिएका कतिपय डकर्मीहरु निर्माण कार्यमा संलग्न नभई अन्य काममा सँलग्न हुन रुचाउने, युवा डकर्मीहरु विदेशतर्फ नै आकर्षित हुनेलगायतका कारणले पुनर्निर्माण कार्यले अपेक्षित गति लिन नसकेको देखिन्छ ।

भूकम्पबाट क्षतिग्रस्त अस्पताल, शिक्षण संस्था, सम्पदा क्षेत्र, मठमन्दिर, सरकारी कार्यालय, संस्थान, निजी संरचना आदिको पुनर्निर्माणका लागि डिजाइन, लगत इस्टमेट, औपचारिक प्रक्रियालगायतका प्रारम्भिक तयारीका कार्यहरु धमाधम भईरहेका छन् । देशको स्थानीय स्तर देखि राष्ट्रिय स्तरसम्म र व्यक्ति देखि संस्थासम्मले दृढ इच्छाशक्ति लिएर उपलब्ध साधन, स्रोत र समयलाई अधिकतम् सदुपयोग गरी पुनर्निर्माणको महाअभियानलाई अघि बढाएमा भूकम्पबाट क्षतिग्रस्त काठमाडौं उपत्यका लगायत सबै प्रभावित जिल्लाले  छिटै काँचुली फेर्न सक्नेछन् र भूकम्पबाट सुरक्षित समुदायको निर्माण हुनसक्नेछ । अन्यथा यो पहिलो वर्षमा देखिएका कमी, कमजोरी र गुनासाहरुले आगामी वर्षहरुमा समेत पछ्याई रहने छन् ।

प

छैन । घर पुनर्निर्माणका लागि सरकारले तोकिदिएको प्रक्रिया पूरा गर्नु, आर्थिक जोहो गर्नु, निर्माण कार्यको जिम्मा लगाउन तालिमप्राप्त प्राविधिक जुटाउनु, गुणस्तरीय निर्माण सामग्रीको व्यवस्था गर्नु आदि चुनौतीहरु भूकम्प पीडित घरधनीहरुका सामु छन् । यसका लागि भाईचा र उसको टोलीले आफ्नो सम्पर्कमा आएका घरधनीहरुलाई सरसल्लाह दिएर सक्दो मददत गरिरहेका छन् । उसको टोलीलाई पुनर्निर्माणको काममा भ्याई नभ्याई छ ।

भाईचाको छोरा पनि पुनर्निर्माणको काममा व्यस्त छ भने छोरी नर्सिङको पढाईमा । यसैबीच भाईचाकी बुहारीले पनि पुनर्निर्माणको महायज्ञमा जुट्ने अवसर पाइन् - सामाजिक परिचालिकाको रुपमा । भुईंचालोले भत्काएका निजी घरहरु पुनर्निर्माण गर्नुपर्ने सरकारी नीति अनुसार घरधनीहरुलाई बलियो घर बनाउनमा उत्प्रेरित गर्नका लागि शिक्षित महिलाहरुलाई विभिन्न स्थानमा सामाजिक परिचालिकाको जिम्मेवारी दिई खटाइएको छ । यस्तो महत्वपूर्ण जिम्मेवारी पाएकोमा भाईचाकी बुहारी उत्साहित छिन्, अनि भाईचा पनि दङ्ग छ ।



# भुईंचालोपछिका झलकहरु













NSET
Earthquake Safe Communities in Nepal

भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल
घर-६५, CR-१३, सैंबु आवास, भैंसेपाटी, ललितपुर महानगरपालिका-२५, नेपाल
पो.ब. नं. १३७७५, काठमाडौं, नेपाल
फोन नं.: (९७७-१) ५५९१०००, फ्याक्स नं.: (९७७-१) ५५९२६९२
इ-मेल: nset@nset.org.np, वेब साइट: www.nset.org.np